# अध्याय एक

# परिचय

शिक्षाको सामान्य अर्थ ज्ञान प्राप्त गर्नु हो । मानिसमा ज्ञान प्राप्त गर्ने वा शिक्षा प्राप्त गर्ने प्रक्रिया 'कोर्कोबाट सुरु भई चिहानमा अन्त्य हुन्छ' (अरस्तु)

शिक्षा मानव विकासका लागि अत्यावश्यक तत्व हो । शिक्षा बिना मानवीय विकास पूर्ण रूपमा सफल हुन सक्दैन । तसर्थ मानव विकासको सार्थकता नै शिक्षा हो । शिक्षालाई चेतनाको संवाहक, सक्षम मानवीय संसाधन निर्माणको प्रमुख आधार तथा आर्थिक, सांस्कृतिक क्रान्तिको मेरुदण्ड नै मानिन्छ । शिक्षा प्राप्त गर्नु मानिसको नैसर्गिक अधिकार हो । शिक्षाको महत्व व्यक्ति र समुह र पनि देशको लागि उत्तिकै आवश्यक हुन्छ । प्राचीनकालमा मानिसहरू एउटै झुण्डमा बस्थे । त्यतिबेला महिला पुरुष केवल लिङ्गका आधारमा विभाजित थिए । मानिसमा चेतनाको विकास भैसकेको थिएन । मानवशास्त्री मोर्गनका अनुसार त्यसबेलाको समाज मातृसत्तामा अधारित थियो । पछिल्ला समयमा यसमा व्यापक परिवर्तन आयो । त्यसबेला उत्पादनका कार्यमा या स्रोतको उपयोग गर्ने सवालमा महिलाहरूको भूमिका पनि उल्लेखनीय रहेकाले यस समाजमा लैङ्गिक विभेद तुलनात्मक रूपमा कम भएको तथ्य समाजशास्त्री/मानवशास्त्रीहरू बताउँछन् । (आचार्य, २०६७)

मानिसहरूमा चेतनाको वृद्धि हुँदै जान थाल्यो, मानिसका इच्छाहरू असीमित बन्दै गए मानिसले त्यतिमा मात्र जीवन गुजारा गर्न सम्भव देखेनन् । फलस्वरूप उनीहरू औद्योगीक समाजतर्फ उन्मुख हुन पुगे । विभिन्न देशहरूमा औद्योगीक क्रान्तिको सुत्रपात हुन पुग्यो जसले गर्दा शिक्षामा पनि व्यापक परिवर्तन खोज्न थालियो । प्राचीनकालमा गुरुकुल शिक्षा, मध्ययुगमा शिक्षालाई धार्मिक ग्रन्थहरूबाट शिक्षा क्षेत्र बढी प्रभावित हुन पुग्यो । वेद, गीता, रामायण, बाइबल, कुरान जस्ता धार्मिक ग्रन्थहरूबाट शिक्षा लिने गरीन्थ्यो । फ्रान्सेली राज्यक्रान्ति र औद्योगीक क्रान्तिले गर्दा शिक्षामा पनि नयाँ-नयाँ चीनतनहरूको विकास भयो । शिक्षाको उत्पत्ति ग्रिसबाट सुरु भएको पाइन्छ । पाश्चात्य जगत्मा प्राचीन कालको शिक्षा ईश्वर, शक्ति, अस्तित्व, मानव ज्ञानको स्वभाव र असल जीवनका लागि समाजशास्त्र गणित र विज्ञान जस्ता विषयहरूको सामान्य शिक्षा लिने गरेको पाइन्छ (सिंह, २०६५) ।

सन् १९९० मा थाइल्याण्डको जोम्टियन नगरमा सम्पन्न “सबैका लागि शिक्षा” नामक विश्व सम्मेलनको प्रतिवद्धता अनुसार सन् २००० सम्ममा सत् प्रतिशत प्राथमिक विद्यालय उमेरका बालबालिकाहरूलाई विद्यालयमा पुऱ्याउने सामुहिक प्रतिवद्धता जाहेर गरेको पाइन्छ । त्यस प्रतिवद्धतामा नेपालले पनि हस्ताक्षर गरेको थियो । त्यो केवल प्रतिवद्धतामा मात्र सीमित हुन पुग्यो । त्यसको प्रमाण अझै पनि खासै परेको पाइँदैन ।

पहिला समयमा शिक्षामा आएको परिवर्तनले लैङ्गिक भेदभावलाई हटाउन केही मद्दत त पुगेको छ । औद्योगीकरणको विकास, फ्रान्सेली राज्यक्रान्तिले समग्र क्षेत्रमा प्रभाव पर्न गएको पाइन्छ । भलै यसबाट शिक्षा क्षेत्रपनि अछुतो रहन सकेन । यसै समयबाट नै महिलाहरूले पनि शिक्षा लिनुपर्ने आवश्यकताहरूको सुत्रपात भएको पाइन्छ । महिलाहरू घर बाहिरको काममा पनि संलग्न हुन पुगेको देखिन्छ ।

समाजले लिङ्गको आधारमा महिला र पुरुषलाई भेदभाव गर्ने काम गरेको छ । जैविकीय रूपमा रहेको यस भिन्नतालाई आधार मानी सामाजिक रूपमा लैङ्गिक असमानतालाई बढाउने कामको सुरुवात समाजबाट हुन गएको छ । त्यसैले गर्दा पनि महिलाहरूलाई दोस्रो दर्जाको रूपमा हेरिन पुगेको हो । विश्वमा सबैजसो राष्ट्रहरूको तुलनामा अविकसित राष्ट्रहरूमा महिला र छोराछोरीलाई पढाउनुभन्दा पनि बढी घरायसी कामकाजमा लगाउने गरेको पाइन्छ । विभिन्न खाले धार्मिक मान्यताहरूका आधारमा पनि महिलाहरूलाई सानै उमेरमा विवाह गरीदिने प्रचलन पनि हाम्रो समाजमा रही आएको छ । महिला शिक्षित भए परिवार शिक्षित हुन्छ भन्ने मान्यता रहे तापनि यसलाई व्यवहारमा उतार्न सकिरहेको अवस्था छैन ।

सन् १९५० तिर विकसित भएका मान्यता महिला आन्दोलन, प्रजातान्त्रिक व्यवस्था, मानव अधिकार सामाजिक न्याय जस्ता पक्षमा देखिएका सकारात्मक संकेतले लैङ्गिक विभेद हटाउनेतर्फ विश्वमा तहल्का नै मच्याउन नपुगेको पनि होइन । शिक्षा स्वास्थ्य, रोजगार क्षेत्रमा विकसित देशका महिलाहरूको अवस्थामा प्रशस्तै सुधार देखिएतापनि विपन्न तथा ग्रामीण महिलाहरू शिक्षाको अभावले गर्दा लैङ्गिक विभेद अझै पनि हट्न सकिरहेको छैन । शिक्षा र विकासमा आमूल फड्को मारी समाजबाट गरीबी, अशिक्षा जस्ता नकारात्मक पक्षहरूलाई निर्मूल नपार्दासम्म लैङ्गिक विभेद हट्न सक्दैन नत्र गलत लैङ्गिक सामाजिकीकरणको प्रक्रिया नै हट्न सक्छ ।

आधा विश्व ओगट्ने महिलाहरूको स्थितिमा सुधार नआएसम्म महिला र पुरुषबिचको विभेद रहेसम्म समग्र विश्वको विकास हुन नसक्ने तर्कको परिणाम स्वरूप नै लैङ्गिक अवधारणाको प्रयोग भएको पाइन्छ । महिला सुरक्षा, प्रगति र विकास सम्बन्धी विभिन्न अन्तर्राष्ट्रिय महासन्धीमा विश्वका राष्ट्रहरूले सहभागिता जनाइसकेका छन् । यसैले लैङ्गिक विकासको इतिहासलाई हेर्दा विगत ३० वर्षको प्रयास निकै उल्लेखनीय मानिन्छ ।

समाशास्त्री कोम्ट, दुर्खिम तथा स्पेन्सर जस्ता विद्धानहरूले महिला र पुरुषका बिचको फरकलाई जैविकीय आधारका रूपमा हेरेका छन् । उनीहरूले महिलालाई न्यून स्तरको दर्जामा राखेका छन् । सन् १९६० को दशकमा युरोप तथा अमेरिकाका देशहरूमा विश्व विद्यालयमा महिला अध्ययन सम्बन्धी पठन-पाठन सुरु भएको पाइन्छ । जसको प्रभाव प्रत्यक्ष रूपमा समाजशास्त्रीय/मानवशास्त्रीय अध्ययन अनुसन्धानमा पर्न गयो । यसै समयमा महिलावादी समाजशास्त्रीय सिद्धान्तको पनि विकास हुन पुग्यो । जसमा सामाजिक विकासको प्रक्रियामा महिलाहरूको भूमिका खोजी गरीन थालियो (आचार्य, २०६७) ।

समाजमा रहेको लैङ्गिक विभेद सदियौंदेखि उत्पीडन, जन्मदेखि नै गरीने भेदभावपूर्ण व्यवहार, शारीरिक मानसिक तनाव, अशिक्षा, गरीबी जस्ता कुरामा गरीने भेदभावपूर्ण व्यवहारले गर्दा महिलाहरूको स्तर झनझन् दयनीय अवस्थामा छ । पितृसत्तात्मक सामाजिक संरचनाले गर्दा महिलाहरूमा एक प्रकारको मानसिक यातना सहनु परेको छ । महिलामा रहेका बहुआयामिक क्षमता र प्रतिभाको पूर्ण उपयोग गर्न राज्यले महिलामा प्रत्यक्ष लगानी गरी विभेदपूर्ण अवस्थाको अन्त्य गर्न सक्छ । यसरी राज्यको लगानी महिलाहरूको शैक्षिक स्थिति उठाउन, स्वास्थ्य स्थितिमा सुधार गर्न, दक्ष जनशक्तिको उत्पादन गरी रोजगारी प्रवर्द्धन गर्न, भेदभावपूर्ण अवस्थाको अन्त्य गरी समानता कायम गर्नमा केन्द्रित हुनुपर्दछ । नेपालको साक्षरता दरलाई हेर्ने हो भने वि.स.२००९ मा महिलाहरूको साक्षरता दर ०.७ प्रतिशत मात्र थियो । जबकि पुरुषहरूको साक्षरता दर ९.५ प्रतिशत थियो । पछि यसमा क्रमिक सुधार हुँदै गएको पाइन्छ । वि.स.२०६८ सालसम्म आइपुग्दा महिलाहरूको साक्षरता दर ५७.४ प्रतिशत पुगेको छ भने पुरुषहरूको साक्षरता दर ७२.२ प्रतिशत छ । यसबाट पनि साक्षरता दरमा क्रमिक

रूपमा सुधार भइरहेको तथ्य पाइन्छ । तापनि पुरुषहरूको तुलनामा अझै कमी हो । (केन्द्रीय तथ्याङ्क विभाग, २०६८)

सन् १९५१ देखि महिलाको स्तर विकास र अधिकारको लागि राजनीतिक अधिकार प्रदान गर्ने घोषणा गरिएको थियो । त्यसै गरी सन् १९७९ को संयुक्त राष्ट्रसंघीय महासभाले महिला विरुद्धमा हुने सबै खाले असमानताहरू सन् १९९० सम्ममा अन्त्य गर्ने घोषणा गरेको थियो । नेपाल अधिराज्यको संविधान २०४७ ले पनि जाति, लिङ्ग र धर्मका आधारमा कुनै नागरीकलाई भेदभाव गर्न नपाउने भनी उल्लेख गरेको छ । त्यसैगरी नेपालको अन्तरिम संविधान २०६३ ले भाग ३ को धारा १३ मा सामान्य कानुनको आधारमा कुनै पनि नागरीक माथि धर्म, वर्ण, लिङ्ग, जात, जाती, उत्पत्ति भाषा वा वैचारिक आस्था वा ती मध्ये कुनै कुराको आधारमा भेदभाव गरीने छैन भन्ने उल्लेख गरेको छ । मुलुकी ऐन २०२० को एघारौ संसोधन २०५९ ले पनि जातीय असमानताको अन्त्य र सामाजिक सुधारमा जोड दिएको थियो । नेपालको आन्तरिक त्रिवर्षीय योजनाले देशमा विद्यमान गरीबी र असमानता हटाई दिगो शान्ति स्थापनामा सघाउ पुऱ्याउँदै आम जनताको जीवनमा परिवर्तनको प्रत्यक्ष अनुभूति दिलाउनु यस योजनाको प्रमुख उद्देश्य हुनेछ भनी उल्लेख गरेको छ । (शर्मा, २०६३)

"सबैका लागि शिक्षा" शिक्षा क्षेत्रमा चलेको विश्वव्यापी नारा हो । सामान्य अर्थमा बुझ्दा यस नाराले समाजका सबै वर्ग र लिङ्गलाई शिक्षा प्रदान गर्ने मान्यता बोकेको पाइन्छ । समाजको सर्वाङ्गीण विकासको स्तम्भ भनेको शिक्षा हो । यसमा सबै जातजाति, वर्ण, धर्म, लिङ्गको समान सहभागिता जनाउनु जरुरी छ । युनेस्कोको सन् १९७५ को प्रतिवेदनमा नेपालमा महिलाहरूको शैक्षिक स्थितिको सुधार नहुँदासम्म समाजमा सभ्यताको विकास र सामाजिक चेतनाको विकास प्राय असम्भव छ भन्ने वाक्य उल्लेख भएको थियो । नेपालमा महिलाको शैक्षिक अवस्थामा सुधार ल्याउन विशेष कार्यक्रमको आवश्यकता महसुस गरी वि.स. २०२८ माघमा शिक्षामा महिलाहरूको अवसर नामक शैक्षिक योजना तयार पारिएको थियो (अधिकारी, २०६३) ।

वि.स. २०२६ कार्तिक ३० गते तत्कालीन सरकार र युनेस्को बिच नेपालमा महिलाहरूको शैक्षिक स्थितिमा सुधार ल्याउन शिक्षामा महिलाको समान अवसर कार्यक्रम सञ्चालन गर्न सहमति भएको थियो । वि.स. २०२८ श्रावणमा योजना

बनाई २०२८ माघमा यो कार्यक्रमको थालनी गरीयो । २०३८ सालमा सेती परियोजनाको कार्यक्रममा महिला शिक्षा पनि सञ्चालित थियो (शर्मा, २०६३) ।

नेपालको अन्तरिम संविधान २०६३ कै धारा २० को महिलाको हकमा महिला भएकै कारणबाट कुनै पनि किसिमको भेदभाव गरीने छैन । नेपाल सरकारले सन् २०१० लाई महिला हिंसा विरुद्धको अभियानको वर्ष भनी घोषणा गरेको पाइन्छ । प्रत्येक महिलालाई प्रजनन स्वास्थ्य तथा प्रजनन सम्बन्धी हक हुने कुनै पनि महिला विरुद्ध शारीरिक, मानसिक वा अन्य कुनै किसिमको हिंसाजन्य भेदभाव गरीने छैन र त्यस्तो कार्य कानुनद्वारा दण्डनीय हुनेछ र पैत्रिक सम्पतिमा छोराछोरीको समान हक हुने व्यवस्था संविधानले गरे तापनि यसको कार्यन्वयन हुन सकिरहेको छैन ।

नेपालमा विभिन्न जातजाति मध्ये आज पनि विभेद र शिक्षाको मारमा रहेका महिला न्याय नपाएर आत्मसम्मान गुमाउन पुगेको अवस्था छ । महिलाहरू कार्य गर्ने सवालमा पनि विभिन्न यौनजन्य हिंसाबाट पीडित हुन पुगेका छन् । यौन हिंसा, वैवाहिक बलात्कार, बाल विवाह, बहुविवाह जस्ता पक्षहरूबाट महिलाहरू पीडित हुँदै गइरहेका छन् । करिब ८०% महिलाहरू घरेलु हिंसाबाट पीडित हुन पुगेका छन् ।

महिलालाई विभेद गर्ने काम गर्भबाट नै सुरु हुन गएको पाइन्छ । गर्भमा नै हुँदा छोरा भए राख्ने र छोरी भए फाल्ने प्रवृत्तिले प्रश्रय पाउन थालेको छ । हालसालै गरिएको अध्ययन अनुसन्धानले पनि भविष्यमा छोरहीरूको सङ्ख्या कम हुँदै जाने र छोराहरूको सङ्ख्या बढ्दै जानाले वैवाहिक अवस्थामा प्रत्यक्ष प्रभाव पर्न जाने देखिन्छ । जसले गर्दा वैवाहिक हिंसा आउन सक्ने समाजशास्त्री/मानवशास्त्रीहरू बताउँछन् ।

## १.१ अध्ययनको पृष्ठभूमि

नेपालजस्तो पिछडिएको, पितृसत्तात्मक समाजमा महिलालाई शिक्षा प्रदान गर्नुपर्छ भन्ने अवधारणा सबै ठाउँमा पुऱ्याउन सकिरहेको अवस्था छैन । पिछडिएको समाजका कारण वा छोरीलाई पढाउन हुँदैन भन्ने अन्धविश्वासी सोचका कारण विद्‌यालय पढ्न नपाएका र बिचमै पढाइलाई छाडेर शैक्षिक जीवनमा अलपत्र परेका महिलाहरूका लागि शिक्षा प्रदान गर्ने उद्‌देश्यका साथ स्थापना भएको विद्‌यालय श्री साधना महिला माध्यमिक विद्‌यालय हो ।

"शिक्षालाई उमेरले छेक्दैन, अधुरो शिक्षा पुरा गरौँ" भन्ने मूल नाराका साथ महिलालाई आत्मनिर्भर बनाउने र सिपमूलक शिक्षा प्रदान गर्दै विकासको मूल प्रवाहमा समावेश हुनका लागि विद्यालय सञ्चालन गरिएको हो । लुम्बिनी अञ्चल रूपन्देही जिल्लाको ऐतिहासिक, औद्योगीक, व्यापारिक र शैक्षिक केन्द्रको रूपमा परिचित बुटवल नगरपालिका वडा नं. ८ मा यो विद्यालय अवस्थित छ । प्राथमिक तह औपचारिक रूपमै सञ्चालन गर्दै वि.सं. २०६३ वैशाख २८ गते नेपाल सरकारद्वारा स्वीकृत प्राप्त गरी सार्वजनिक शैक्षिक गुठि अन्तर्गत माध्यमिक विद्यालयको रूपमा यो विद्यालय सञ्चालित भैरहेको छ ।

निम्न माध्यमिक तहको शिक्षा प्रदान गर्नका लागि क्षेत्रिय शिक्षा निर्देशनालय पोखराबाट २०६३/०६४ मा निम्नमाध्यमिक तहको स्विकृति प्राप्त गरेको थियो । कक्षा ५ सम्मको कक्षा अनौपचारिक शिक्षाका रूपमा सञ्चालन हुँदै आइरहेको छ । नेपाल जस्तो देशमा पुरुषको भन्दा महिलाको जनसङ्ख्या बढी भए तापनि पुरुषहरूको तुलनामा महिलाहरूको शैक्षिक स्थिति ज्यादै न्यून छ । महिलाको जनसङ्ख्या बढी भए तापनि विकासको मूल प्रवाहमा प्रवाहित हुन नसकेकै कारण मुलुकले अपेक्षा गरेको विकास र परिवर्तन हुन सकिरहेको छैन । महिलाहरूको आर्थिक, सामाजिक, राजनैतिक र शैक्षिक अवस्था वर्तमान समयसम्म पनि त्यति सन्तोषजनक छैन । यिनै कुराहरूलाई मध्यनजर गर्दै विभिन्न कारणबाट शिक्षा प्राप्त गर्न वञ्चित दिदी बहिनीहरूको अधुरो शिक्षालाई पुरा गरी उनीहरूलाई आत्मनिर्भर बनाउने लक्ष्य राखी महिलाहरूकै पहलमा यो विद्यालय स्थापना गरिएको हो । अनेकौ सामाजिक, आर्थिक चुनौतीहरूको सामना गदै हाल विद्यालयले यही शैक्षिक सत्र २०६९/०७० देखि नेपाल सरकार शिक्षा मन्त्रालयको मातहतमा रहेर सामुदायिक विद्यालय अन्तर्गत जिल्ला शिक्षा कार्यालय रूपन्देहीद्वारा कक्षा १ सञ्चालनको लागि अनुमति प्राप्त गरीसकेको छ ।

संस्थागत विद्यालयको मातहतमा रही महिलाहरूलाई मात्र शिक्षा प्रदान गर्ने हेतुले विद्यालय स्थापना गरिएको हो । महिलाहरूलाई प्रौढ शिक्षा प्रदान गरी उनीहरूलाई केवल साक्षर बनाउने अभियानको रूपमा सरकारले सञ्चालन गरिरहेको अवस्थामा यस विद्यालयमा औपचारिक रूपमा नै कक्षा सञ्चालन गरी शिक्षा प्रदान गर्दै आइरहेको छ ।

महिलालाई शिक्षामा अवसर दियौँ भने पुरुष सरह वा पुरुषले भन्दा बढी काम गर्न सक्छन् । उनीहरूलाई समाजको हरेक क्रियाकलापमा सहभागी गराउनु पर्दा त्यसको निम्ति शिक्षाको आवश्यकता पर्दछ । विद्यालयले बिचमै पढाइ छाडेमा पढ्न नपाएका महिलाहरूलाई शिक्षित बनाउने उपाय खोजी यस विद्यालयको सञ्चालन गर्ने कार्य विद्यालयले गरिरहेको छ । नेपालमा यस्ता विद्यालयहरूको सङ्ख्या जम्मा तिन वटा छन् । जसमध्ये यो उपत्यका बाहिरको एक मात्र विद्यालय हो । यस क्षेत्रमा बसोबास गर्ने वुद्धिजीवी, शिक्षाप्रेमी, उद्योगी, व्यवसायीहरूले यसलाई अझ व्यापक विस्तार गर्ने लक्ष्यका साथ अगाडि बढीरहेको छ । अनेकौ समस्याहरूको सामना गर्दै समाजमा अपहेलित, तिरस्कृत महिलाहरूको जीवनस्तर पारिवारिक सम्बन्ध सामाजिकरणको प्रभावमा महिलाहरूको भूमिकालाई आत्मसात् गर्दै यो विद्यालयलाई अझ व्यवस्थित बनाउने प्रयास अगाडि बढाइरहेको छ । विद्यालयमा १० वर्ष देखि ६५ वर्ष उमेरसमुहका महिला विद्यार्थीहरूले अध्ययन गर्न आउने गरेका छन् । नेपाल सरकारले शिक्षाको प्रभाव अझ विस्तार गर्न प्रदान गर्दै आइरहेको प्रोढ शिक्षा, अनौपचारिक शिक्षा, दूर शिक्षा भन्दा फरक रही औपचारिक रूपमा नै कक्षा सञ्चालन गर्दै आइरहेको छ ।समाज निर्माणको आधारस्तम्भ शिक्षा हो भन्ने कुरालाई आत्मसात् गरी समाज रूपान्तरणको यो अभियानलाई निरन्तरता दिन निकट भविष्यमा नै उच्च माध्यमिक तहको शिक्षा प्रदान गर्ने विद्यालयको योजना रहेको छ ।

शिक्षामा महिलाहरूको सहभागिता अझ विस्तार गर्नका लागि महिलाहरूलाई शिक्षा प्रदान गर्दै आइरहेको यस विद्यालयलाई विशेष महिला शिक्षाको रूपमा पनि लिन सकिन्छ । उमेर बढी भएमा महिला विद्यार्थीहरू पढ्ने विद्यालय भएकाले यसलाई विशेष विद्यालयका रूपमा उल्लेख गरिएको हो ।

## १.२ समस्याको कथन

वर्तमान समयमा शिक्षा क्षेत्रमा प्रशस्तै विकास भए तापनि धेरै समस्या र चुनौतीहरू देखा परिरहेका छन् । समाजको गति सँगसँगै भएको जनसङ्ख्याको तीव्र वृद्धि र वढ्दो जनआकाङ्क्षा, विज्ञान र प्रविधिको माध्यमबाट अन्वेषणात्मक रूपमा भएका आविष्कार र तिनको प्रयोगले त झन् समाजलाई असमान बनाएको छ र विश्वका मानव-मानव बिचमा ठुलो खाडल बनाएको छ । समस्याहरूको दीर्घकालीन समाधानका लागि

शिक्षालाई समयानुकुल विकास र विस्तार गरी हरेक जनताको घर, आँगन, मन-मस्तिष्कमा पुऱ्याउने लक्ष्य राखेको छ । एकातिर शैक्षिक क्षेत्रमा पहुँच, समान अवसर र समानताका कुरा छन भने अर्कातिर शिक्षाको गुणात्मक सुधारका लागि समस्याहरू नि धरै छन् । निरक्षर रहेको ठुलो समुह जसमा जनजाति, आदिवासी, दलित, महिला, पिछडिएको वर्ग र समुदायलाई शिक्षाको माध्यमबाट सशक्तीकरण गरी मूल प्रवाहमा ल्याउनुपर्ने अवस्था देखिन्छ । नेपालको अन्तरिम संविधान वि.सं. २०६३ ले शिक्षालाई मौलिक अधिकारका रूपमा लिएको छ । यस्ता प्रकारका असमानतालाई हटाउन, पिछडिएको जातिमा महिला, अल्पसङ्ख्यक, दलित महिलालाई शिक्षाको मूलधारमा ल्याउन तथा वर्तमान चुनौतीको सामना गर्न सक्ने सक्षम नागरीक तयार गर्न र मौलिक अधिकार स्थापित गर्नु जरुरी छ । प्राथमिक शिक्षा अथवा आधारभूत शिक्षालाई सर्वसुलभ र गुणस्तरीय बनाउनुपर्ने आवश्यकता टड्कारो रूपमा देखा परेको छ । समाजमा रहेका असमानताहरूको एउटा प्रतीक शिक्षा हो । महिलाहरू साक्षरता कार्यक्रमहरूबाट वञ्चित छन । उनीहरू केवल घरधन्दामा नै सीमित हुन पुगेका छन् । घरव्यवहार गर्नुपर्ने, पारिवारिक झैंझमेलाले गर्दा शिक्षा लिने कार्यमा सहभागी हुन सकिरहेका छैनन् । त्यसले गर्दा पनि महिलाहरू पुरुषहरूको तुलनामा कम शिक्षित हुन पुगेका छन् । महिलाहरूको सामाजिक, राजनैतिक क्षेत्रमा उपस्थिति ज्यादै न्यून छ । यस अध्ययनले महिलाहरूले शिक्षा लिने क्रममा आइपरेका चुनौतीहरू सामना गरी कसरी आफ्नो शैक्षिक क्षेत्रलाई अगाडि बढाएका छन् ? उनीहरूलाई साक्षरता अभियान कार्यक्रमको प्रभाव कस्तो पऱ्यो ? उनीहरूमा के-कस्ता परिवर्तन देखा परे ? जस्ता प्रश्नहरूको उत्तर खोज्ने प्रयत्न गरेको छ । हालसम्म यस विद्यालयमा कुनै पनि अध्ययन अनुसन्धान नगरिएको हुँदा यसको महत्व अझ बढी हुनेछ र यस क्षेत्रमा चासो राख्ने एवम् थप अनुसन्धान गर्न चाहनेहरूको लागि मार्गदर्शन प्रदान गर्ने उद्देश्य समेत रहेको छ ।

## १.३ अनुसन्धानका उद्देश्यहरू

यस अनुसन्धानात्मक उद्देश्यहरू निम्न छन् ।

(क) विशेष विद्यालय शिक्षाको पहिचान गर्नु ।

(ख) महिलाको घरेलु भूमिका र विद्यार्थीको भूमिका निर्वाह गर्दा आइपरेका चुनौतीहरूको पहिचान गर्नु ।

(ग) विद्यार्थीहरूको सहभागिता मूल्याङ्कन गरी साक्षरता कार्यक्रमले विद्यार्थीमा पारेको प्रभाव पत्ता लागाउनु ।

## १.४ अनुसन्धान सीमाहरू

यो अध्ययन रूपन्देही जिल्लाको बुटवल नगरपालिका वडा नं. ८ मा रहेको श्री साधना महिला माध्यमिक विद्यालयमा सीमित रहनेछ । यस अध्ययनले समग्र रूपन्देही जिल्ला हुँदै नेपालको प्रीतिनधित्व गर्न नसके तापनि जिल्लाकै नमुना विद्यालयको रूपमा रहेको क्षेत्रको प्रीतिनधित्व गर्ने लक्ष्य राखेको छ ।

## १.५ अध्ययनको औचित्य

यो अध्ययन मानविकी संकाय समाजशास्त्र/मानवशास्त्र विभाग स्नातकोत्तर तह दोस्रो वर्षको आंशिक आवश्यकता पुरा गर्नका लागि प्रस्तुत गर्न लागेको भए तापनि विभिन्न अवसर र सुविधाहरूबाट वञ्चित महिलाहरूलाई सशक्तीकरण गराउनका लागि र उनीहरूलाई शिक्षा क्षेत्रमा संलग्न गराउनका लागि अझ टेवा पेयाउने अपेक्षा राखिएको छ । विशेष शिक्षाले गर्दा महिलाहरूको सामाजिक, आीर्थक, व्यावहारिक जीवनमा कत्तिको प्रभाव पाऱ्यो ? यसलाई अझ प्रभावकारी बनाउन के-कस्ता पक्षहरूलाई जोड दिनु पर्छ ? शिक्षणलाई समय सापेक्ष परिवर्तन गराउन देखा परेमा चुनौतीहरूको सामना कसरी गर्नुपर्छ ? जस्ता तथ्यहरू पत्ता लगाउन यो अनुसन्धान महत्वपूर्ण छ । यसको औचित्य यसरी प्रस्तुत गरिएको छ ।

- यो महिला शिक्षामा चासो राख्ने, समाजशास्त्र/मानवशास्त्र अध्ययन अध्यापन गराउने सम्पूर्ण व्यक्तिका लागि सान्दर्भिक र उपयोगी हुनेछ ।
- यो अध्ययन शैक्षिक स्तर वृद्धि गर्नमा पारिवारिक, सामाजिक, विद्यालयको वातावरण कस्तो हुनुपर्छ भन्ने कुराको जानकारी दिन सहयोगी हुनेछ ।
- विशेष विद्यालय शिक्षाको महत्व बुझी यस सम्बन्धी अध्ययन गर्न चाहने अनुसन्धानकर्ताहरूलाई मार्गदर्शन प्रदान गर्न उपयोगी हुनेछ ।
- यस अध्ययनले लैङ्गिक असमानताको अन्त्य गर्ने शिक्षाको भूमिका कस्तो रहनेछ भन्ने संघसंस्था, महिला सम्बन्धी कार्यरत संघसंस्थाहरूलाई समेत मार्गदर्शन प्रदान गर्नेछ ।

## १.६ अध्याय संरचना

यस अध्ययनलाई ६ वटा अध्यायमा विभाजन गरिएको छ । जस अन्तर्गत अध्याय एकमा परिचय खण्ड रहेको छ । यस भित्र अध्ययनको पृष्ठभूमि, समस्याको कथन, अध्ययनको उद्देश्य, अध्ययनको सीमा, अध्ययनको औचित्य र अध्याय संरचनालाई समेटिएको छ ।

अध्याय दुईमा साहित्यको पुनरावलोकन तथा सैद्धान्तिक खाकालाई राखिएको छ, जस अन्तर्गत अध्ययनसँग सम्बन्धित लैङ्गिक दृष्टिकोण, अध्ययनको सैद्धान्तिक खाका, पूर्व साहित्यको समीक्षालाई समावेश गरिएको छ ।

अध्याय तिनमा अनुसन्धान विधि राखिएको छ, जस अन्तर्गत अध्ययन क्षेत्र छनौटको औचित्य, अनुसन्धान ढाँचा, तथ्याङ्कको स्रोत र प्रकृति, तथ्याङ्क सङ्कलन विधि र सङ्कलित तथ्याङ्कको विश्लेषण र प्रस्तुतीकरण शीर्षकहरू समेटिएको छ ।

अध्याय चारमा श्री साधना महिला माध्यमिक विद्यालयको चीनारी शीर्षकमा अध्ययन क्षेत्रको परिचय, शैक्षिक क्षेत्रको परिचय, विद्यालय सञ्चालनका लागि गरिएका प्रयास र चुनौती र समस्या समावेश गरिएको छ ।

अध्याय पाँचमा महिला शिक्षा र त्यसका लागि साधना महिला माध्यमिक विद्यालय चुनौतीको व्याख्या एवम् विश्लेषण गरिएको छ र अन्तमा अध्याय छ अन्तर्गत समग्र अध्ययनको सारांश, निष्कर्ष र सुझावलाई समेटिएको छ ।

# अध्याय दुई

# पूर्व साहित्यको पुनरावलोकन तथा सैद्धान्तिक खाका

## परिचय

अनुसन्धान कार्य एक व्यवस्थित र उपयुक्त विधिबाट अगाडि बढ्ने खोज कार्य हो । अनुसन्धान ढाँचा नयाँ होस्, नदोहोरियोस् र सम्बन्धित विषयमा ज्ञान फराकिलो पार्न र अनुसन्धान समस्यालाई अनुसन्धान पद्धतिको ढाँचामा स्पष्ट पार्न माथि पुनरावलोकन गरिएका सान्दर्भिक साहित्यहरूले गर्ने हुनाले साहित्यहरूको समीक्षा उपयोगी हुन्छ । साहित्यको पुनरावलोकनको आधारमा रही छनौट गरिएको विषय अनुसन्धनात्मक ढाँचामा विभिन्न निर्मित साधनहरूबाट प्राप्त तथ्याङ्कहरूलाई सैद्धान्तिक र तथ्याङ्कीय ढाँचामा व्याख्या र विश्लेषण गर्न सहयोग गर्ने हुँदा यसको महत्व छ ।

## २.१. समाजशास्त्र र शिक्षा

शिक्षा (Education) शब्द ल्याटिन भाषाको "Educare" बाट आएको हो । जसको अर्थ "bring up' हुन्छ । व्यक्तिमा रहेको अन्तरनिहित प्रतिभालाई प्रस्फुटन गर्नुलाई नै शिक्षा भनिन्छ । जसले व्यक्तिमा रहेको आन्तरिक क्षमतालाई बाहिर निकाल्न सहयोग पुऱ्याउँदछ । शिक्षाको महत्व दिन प्रतिदिन बढ्दै गइरहेको छ । समाजका मूल्य र मान्यतामा प्रविधिमा आएको विकाससँगै परिवर्तन हुँदै गइरहेको छ । शिक्षाले सामाजिक, साँस्कृतिक, परिवर्तनमा महत्वपूर्ण भूमिका खेलेको पाइन्छ । E. George payne का अनुसार तथ्य र समाजशास्त्रको अध्ययन बिना समाजले खोजेको व्यवहार मानिसले सिक्न सक्दैन र उक्त व्यवहार नसिकेसम्म एउटा व्यक्ति समाजमा मिलेर बाँच्न गाह्रो छ । शिक्षाले सामाजिक स्तरीकरणमा प्रभाव पार्छ । शिक्षित समाज र अशिक्षित समाजको विचार, एकै प्रकारको हुँदैन । शिक्षाले व्यक्तिको जीवनको स्तरमा परिवर्तन गराउन अचेलको समाजमा धन सम्पत्ति मात्र थुपारेर समाजको माथिल्लो तहमा पुग्न अति नै बिघ्नबाधाको सामना गर्नुपर्दछ । समाजमा आफ्नो इज्जत, प्रतिष्ठा कायम राख्न शिक्षाको भूमिका महत्वपूर्ण छ । शिक्षा र समाजशास्त्रको सम्बन्ध गहिरो छ । समाजशास्त्रले सबै किसिमका सामाजिक सम्बन्धहरूलाई शिक्षासँग गाासेर अध्ययन गर्दछ । त्यसैले यसको क्षेत्र व्यापक छ । समाजमा रहेका सामाजिक मूल्य मान्यतालाई मध्यनजर गर्दै युगान्तकारी परिवर्तन गराउन समेत समाजशास्त्रको भूमिका

महत्वपूर्ण हुने गर्दछ । समाजशास्त्र समाजको विज्ञान हो जसले समाजमा रहेका मूल्य मान्यताहरूको आधारमा समाजलाई चित्रण गर्ने गर्दछ । शिक्षा र समाजशास्त्र एक आपसमा महत्वपूर्ण तत्व हुन् । जुनसुकै व्यक्ति, समाज र राष्ट्रको लागि शिक्षाको आवश्यकता पर्छ । मानव सभ्यताको विकास क्रमलाई हेर्दा आजको सभ्य समाजको निर्माण हुनमा शिक्षाको महत्वपूर्ण भूमिका रहेको छ ।

शिक्षालाई समाजशास्त्रको एउटा हाँगाको रूपमा लिन सकिन्छ । शिक्षाले मानिसमा चेतनाको विकास गराई सभ्य समाज निर्माण गर्नमा महत्वपूर्ण भूमिका खेल्दछ । शिक्षा लिने क्रममा पनि महिलालाई विभेद गरिँदै आइरहेको छ । महिला केवल घरायसी कामकाजमा मात्र सीमित हुन पुगेका छन् । जसले गर्दा उनीहरूको प्रतिभा त्यतिकै खेर गइरहेको छ । यही असमानताले गर्दा उनीहरू पछाडि पर्न गएका हुन् । सुरुको समाज निर्माणको क्रममा मानिसहरू बिच विभेद हुँदैनथ्यो । सम्पत्तिको हकमा समानता थियो र दुवै मिलेर काम गर्ने र  सम्पत्ति माथि दुवैको समान हक अधिकार थियो ।

### २.१.१ लैङ्गिक दृष्टिकोण

लिङ्गले महिला र पुरुषको प्राकृतिक संरचनालाई बुझाउँदा मौलिक विशेषतालाई झल्काउँछ । यो स्थिर, प्रविधि र नैसर्गिक हुन्छ । जेन्डर भन्नाले सामाजिक, साँस्कृतिक रूपले निर्धारण गर्ने अवधारणा हो । हरेक समाजमा महिलाले गर्ने काम र पुरुषले गर्ने काम निर्धारण गरेको हुन्छ भने लिङ्गको आधारमा महिला र पुरुष दुवैबाट समाजले केही अपेक्षा गरेको हुन्छ । यही अपेक्षाकृत भूमिका नै जेन्डर हो । जेन्डरले महिला र पुरुषको सामाजिक साँस्कृतिक अतिरिक्त आर्थिक विशेषतालाई पनि जनाउँछ । जसरी लिङ्ग अन्तर्गत महिला वा पुरुष भनी जन्मजात निर्धारण भएर आउँछ त्यसै गरी जेन्डर पनि लिङ्गका आधारमा व्यक्तिसँग जोडिएर आउने साँस्कृतिक मूल्य, मान्यता, भूमिका तथा विशेषताहरूको समष्ठिगत रूप हो (चौलागाँई, पोखेल, सापकोटा-२०६०) ।

सामाजिक हिसाबले जेन्डर शब्दको अर्थ हो महिला र पुरुष दुवैको सामाजिक तथा साँस्कृतिक परिभाषा । अर्को शब्दमा भन्ने हो भने समाजले महिला पुरुषलाई कस्तो किसिमको भूमिका, अधिकार, स्रोत, साधन दिन्छ, उनीहरूलाई राम्रो किसिमको व्यवहार तथा मानसिक विकास गर्न सिकाइन्छ, त्यसको अर्थ बोध गर्नुलाई जेन्डर भनिन्छ । (भासिन, २०००)

लैङ्‌िक अध्ययनले आर्थिक राजनीतिक, शैक्षिक, सामाजिक, साँस्कृतिक र प्राविधिक आदि पक्षहरूमा महिला र पुरुषको अवस्था तथा स्थितिको विशेषण गर्दछ । मानवीय अस्तित्व तथा सामाजिक व्यवस्थापन र निरन्तरताका लागि समाजमा महिला र पुरुषले विभिन्न कार्यहरू सम्पादन गर्दछ तर हाम्रो देशमा महिला तथा पुरुषको स्थान समान छैन । महिला तथा पुरुषले सम्पादन गर्ने भूमिकाको कार्यभार प्रतिफल सामाजिक मूल्याङ्कन असमान रहेको छ । त्यसैले लैङ्गिक अध्ययनले महिला तथा पुरुषका बिचमा रहेका सामाजिक, आर्थिक, राजनैतिक, साँस्कृतिक, मनोवैज्ञानिक पक्षको अवस्था, सम्बन्ध, अन्तरक्रिया, समानता, विभेद, असमानता आदिको विश्लेषण गर्दै महिला र पुरुषका समानताको खोजी अध्ययन र अनुसन्धान गर्दछ । प्राकृतिक रूपमा महिला र पुरुषको संरचना फरक भए पनि दुवैको महत्व समान रहेको छ । सामाजिक तथा साँस्कृतिक रूपमा पनि सम्बन्धको असमान अभ्यासले गर्दा असमानता सृजना हुन गएको हो । त्यसैले यस अध्ययनले महिला र पुरुष दुवैको सहयोगद्वारा लैङ्गिक समानतामूलक, उन्नत र दिगो समाजको निर्माण गर्न खोज्छ । लैङ्गिक अध्ययन विभिन्न पूर्वाग्रह र दुराग्रहबाट माथि उठेर दिगो मानवहित खोज्ने विषय हो । यो एकपक्षीय र मनगणन्ते दृष्टि, अध्ययनबाट टाढा रही सबै पक्षको हित र भलो खोज्ने विषय हो । यसको उद्देश्य पितृसत्तात्मक समाजलाई ध्वस्त पारी मातृसत्तात्मक राज्य स्थापना गर्नु होइन । लैङ्गिक रूपमा सन्तुलित सामाजिक संरचनाको वकालत गर्ने विषय हो । वर्तमान समयमा लैङ्गिक अध्ययन महिला केन्द्रित रहनु स्वभाविकै हो किन भने संसारमा विकसित वा अविकसित सबै मुलुकमा कम मात्रामा होस् वा बढी मात्रामा महिलाहरू विभिन्न पक्षमा भेदभाव जन्य स्थितिमा रहेका छन् (आचार्य, २०६६) ।

### २.१.२ सेक्स, जेन्डर र लिङ्ग

अङ्ग्रेजी भाषामा दुई फरक शब्द Sex and Gender को अर्थ र भाव व्यक्त गर्न नेपाली भाषामा एउटा मात्र शब्द छ लिङ्ग । नेपाली मात्रै होइन दक्षिण एशियाका प्रायः जसो भाषामा सेक्स र जेन्डरका निम्ति यही एउटा शब्द मात्र चलाउनुपर्ने अवस्था छ, जबकि अङ्ग्रेजी भाषामा यी दुई शब्दको भाव र अर्थमा ठुलो भिन्नता रहेको छ ।

अङ्ग्रेजी जस्तै स्थानीय भाषामा पनि यी शब्द (Sex and Gender) ले अर्थमा भिन्नता दर्साउन भारतका प्रख्यात लैङ्गिक विशेषज्ञ कमला भासिनले दुई वटा नयाँ लबज 'प्राकृतिक लिङ्ग' (सेक्स) र 'सामाजिक लिङ्ग' (जेन्डर) प्रस्ताव गरेकी छन् । 'सामाजिक

लिङ्ग' लाई 'सालिङ्ग' र 'प्राकृतिक लिङ्ग' लाई प्रालिङ्ग बनाएर यसलाई अझै सजिलो पार्न सकिने पनि भासिनको सुझाव छ ।

लैङ्गिक विषयका विद्वानहरूका अनुसार सेक्स अर्थात् प्राकृतिक लिङ्गको जानकारी जैविक विशेषताका आधारमा गर्न सकिन्छ भने महिला वा पुरुषको 'जेन्डर' अर्थात् सामाजिक लिङ्गको परिचय ऐतिहासिक र सांस्कृतिक आधारमा खुल्दछ । 'सेक्स' को प्रत्यक्ष सम्बन्ध जैविक पक्षसँग हुन्छ भने जेन्डरको सम्बन्ध संस्कृतिमा हुन्छ । कुनै मानव भाले हो कि पोथी हो भन्ने कुराको परिचय शारीरिक परीक्षणबाट गर्न सकिन्छ तर कसैको 'पुरुषोचित' या 'स्त्रीयोचित' कुरालाई त्यसरी नै जाँच्न सकिन्न । त्यसको मापदण्ड साँस्कृतिक हुन्छ जुन समय र स्थान अनुसार फरक पर्ने गर्दछ । अर्थात् प्राकृतिक लिङ्ग ( जेन्डर) स्थान एवम् समयसापेक्ष र परिवर्तनशील हुन्छ । यस आधारमा 'सेक्स' र 'जेन्डर' बिचको सम्बन्ध प्राकृतिक नभएर ऐतिहासिक, भौगोलिक या सांस्कृतिक भएको स्पष्ट हुन्छ । (भासिन, २०००)

## २.१.३ विद्यालय र लैङ्गिक विभेद

लैङ्गिक अर्थात् जेन्डरसँग सम्बन्धित समस्या विश्वमा जहाँसुकै छ । लैङ्गिक मुद्धाको मात्र ठाउँ अनुसार फरक फरक हुन्छ । महिला पछि परेका हुनाले 'जेन्डर' भन्ने बित्तिकै नेपालमा महिलाको समस्याको चर्चा हुन्छ तर, जेन्डरको विस्तृत अवधारणाले महिलालाई मात्र नसेमेरी महिला, पुरुष र तेस्रो लिङ्गीका समस्या यसमा पर्छन् ।

मान्छे जन्मेपछि सम्मानपुर्वक बाँच्न पाउनु उसको नैसर्गिक अधिकार हो । जन्मका आधारमा कसैलाई पनि विभेद गर्नु हुँदैन । लिङ्गका आधारमा दुःख पाउने पनि अन्याय हुने अवस्था नै लैङ्गिक विभेदको अवस्था हो । मौलिक अधिकारबाट वञ्चित हुनु पर्दा आज 'महिला विरुद्धको हिंसा' को नाममा सार्वजनिक वहस गर्नु परेको हो । हिंसा धेरै प्रकारका हुन्छन् । मनोवैज्ञानिक हिंसा भौतिक हिंसा आदि आदि । कसैले गाली गर्नु, तनाव दिनु, दुःख दिने, नराम्रो बोल्नु मनोवैज्ञानिक हिंसा हो भने महिलालाई कुट्ने, पिट्ने, अनावश्यक रूपमा शरीरलाई हुने आदि भौतिक हिंसा हो ।

महिला विरुद्धको हिंसाको जरो कति छ भनेर खोज्नका लागि महिला र पुरुषलाई हेर्ने समाजको भेदभावपूर्ण दृष्टिकोणतर्फ ध्यान दिनु आवश्यक छ । पुरुषले रोजगार, जागरी गर्ने,

कमाएर ल्याउने, परिवार धान्ने भनेर पुरुषलाई चिनिन्छ भने महिलालाई समाजले घर व्यवहार गर्ने, बच्चाको स्याहार सुसार गर्ने जस्ता कार्यमा संलग्न गराएको पाइन्छ । धर्म, संस्कार र संस्कृतिको नाममा पनि महिलालाई विभेद गरिँदै आएको पाइन्छ ।

विद्यालयमा लैङ्गिक समानता कायम गर्नका लागि आचारसंहिता बनाएको छ । त्यसमा स्कुलमा गर्न हुने र नहुने धेरै कुरा उल्लेख गरिएका छन् । शिक्षकले लैङ्गिक हिंसाको विरुदमा के गर्ने, विद्यार्थीले के गर्ने अनि विद्यालय व्यवस्थापन समितिको भूमिका के हुन्छ भन्ने कुरा त्यसमा उल्लेख गरिएको छ । त्यसमा बालिकालाई कक्षाकोठा भित्र र बाहिर कुनै प्रकारको विभेद गर्नुहुँदैन । पाकिस्तानीहरूले महिलालाई पढ्न हुँदैन, पढ्न जाँदा उनीहरूलाई दिइने शारीरिक, मानसिक यातना यसको ज्वलन्त उदाहरण हो । मलालाले उठाएको विरोधको आवाज विश्वमा नै सम्म सम्झन योग्य छ । उनले त्यसो नगरेको भए अझै पनि बालिकाहरूले यातना भोग्नुपर्ने थियो शिक्षा लिने क्रममा । छात्राले पनि छात्र सरह पढ्न पाउनुपर्छ । तेस्रो लिङ्गीलाई हाम्रा कक्षाकोठामा एकदमै फरक व्यवहार हुने गरेको पाइन्छ । लैङ्गिक कारणले कसैले पनि स्कुल छाड्नु नपरोस् अनि 'सबैका लागि शिक्षा' को अवधारणा व्यवहारले कार्यान्वयन होस् भन्ने अभिप्रायका साथ लैङ्गिक आचारसंहिता जारी गरिएको हो । नानीहरूलाई लैङ्गिक आधारमा होच्याउने, गालीगलौजका शब्द प्रयोग गर्ने चलनलाई वञ्जित गर्न खोजिएको छ । तर आचारसंहिता सबै विद्यालयहरूमा पुऱ्याएर पूर्ण रूपमा लागू गर्न भने अझै सकिएको छैन ।

'छात्रामैत्री विद्यालय' को अवधारणा अनुसार हरेक विद्यालयमा छात्राको लागि छुट्टै शौचालय किशोरावस्थाका केटीहरूले शौचालय नै नभएकाले स्कुल छाड्न परेको या महिनावारी हुँदा सरसफाई गर्ने ठाउँ नभएको कुरा आएपछि विद्यालयमा कमीतमा पाँच वटा कुरा हुनै पर्ने अवधारणा ल्याइएको छ । जसमा कक्षाकोठा, पाठ्यपुस्तक, शिक्षक, बुक कर्नर र छात्राको लागि छुट्टै शौचालय । यीमध्ये कुनै एउटा नभएको स्कुल स्कुल नै नहुने अवधारणा ल्याइएको छ । यसलाई कानुनमा उल्लेख गरे तापनि व्यवहारमा लागु गर्न सकिरहेको अवस्था छैन ।

हामी जन्मेदेखि नै पूर्वाग्रही छौँ । छोरा जन्मिने बित्तिकै फुटबल किनिदिन्छौँ, क्रिकेटको व्याट किनिदिन्छौँ । यो त छोरा मान्छेले खेल्ने खेल हो भन्छौँ भने छोरीलाई पुतली किनेर दिन्छौँ । अनि छोरीले सानैदेखि आमाले भाँडा माझेको, चुलोचौका गरेको, पानी

बोकेको, खाना बनाएको देख्छे र त्यसै अनुसारको व्यवहार कार्य गर्नमा तल्लीन हुन पुग्छे । अनि महिला भनेको बच्चाको स्याहार गर्ने, भात पकाउने, भारी बोक्ने प्राणी रहेछ भन्ने सिक्छे र आफू पनि त्यही काम गर्न सिक्छे । मानिसले सिकको कुरालाई व्यवहारबाट हटाउन एकदम गाह्रो पर्दछ । हरेक पुस्ताका सासुले बुहारीलाई गर्ने दमन यसैको फलस्वरूप उत्पन्न हुन पुगेको देखिन्छ ।

विद्यालयमा अध्ययरनत रमा ज्ञवालीको अनुभवले पनि यो कुरा प्रस्ट्याउँछ । आफुलाई घरको काम गर्न लगाउने, दाजुभाइ स्कुल पढ्न जाने गर्दा आफुले पढ्न नपाएको कुराबाट नै लैङ्गिक विभेदको उदाहरण रूपमा लिन सकिन्छ । यस्ता यावत घटनाहरू त हाम्रो समानमा भइ नै रहन्छन् ।

महिला विरुद्धको हिंसा, विभेद रोक्नका लागि सबैको सहभागिता विद्यालयमा नियम बनाएर भित्तामा टाँस्ने र लागुगर्ने तत्परता देखाउनु जरुरी छ । महिला विरुद्धको हिंसा विरुद्ध विद्यालय स्वयम्ले आचारसंहिता हुँदैन । महिलाले महिलालाई नै दमन गरिरहेको स्थिति स्थिति हुन पुगेको छ । छोरीलाई जीबनोपयोगी शिक्षा दिन स्कुलले गर्ने अभिभावक तथा आमा भेलामा महिला विरुद्धको हिंसाका बारेमा छलफल गरी महिला विरुद्ध हुने हिंसा उन्मुलन गर्ने रणनीति तथा कार्ययोजना तर्जुमा गर्न सकिन्छ ।

## २.१.४ अध्ययनको सैद्धान्तिक खाका

कुनै पनि विषय वस्तुको बारेमा अध्ययन अनुसन्धान गर्नु पूर्व त्यससँग सम्बन्धित सामग्रीहरूको अध्ययन गर्नुपर्ने हुन्छ । यस अध्ययनको सम्बन्धित सामाजिक एवम् व्यवस्थापकीय सिद्धान्तलाई पुनरावलोकनको लागि लिइएको छ ।

## २.१.५ सिद्धान्तको प्रयोग

### (क) प्रकार्यात्मक दृष्टिकोण

फ्रान्सका प्रसिद्ध समाजशास्त्री इमाइल दुर्खिमका अनुसार समाजका मूल्य मान्यताहरूलाई एक आपसमा रूपान्तरण गर्नका लागि शिक्षाको महत्व रहने कुरा बताउँछन् । उनका अनुसार सामाजिक वर्गले शिक्षामा पार्ने प्रभावबारे आफ्ना धारणा व्यक्त गरेका छन् । उनका अनुसार शिक्षा एक सामाजिक वस्तु हो । शिक्षाले समाजको प्रकारहरूलाई निर्धारण गर्नुका साथै सामाजिक आवश्यकता परिपूर्ति गर्दछ । शिक्षाले

समाजका आवश्यकताहरूको पूर्ति गर्दछ र सामाजिक विकासमा योगदान पुऱ्याउँदछ । उसले समाजका जति धेरै सामाजिक तथ्याङ्क र स्वरूपहरू हुन्छन् त्यति नै शिक्षाका प्रकारहरू हुन्छन् भन्दै समाजमा भइरहने परिवर्तन अनुसार शैक्षिक प्रक्रियामा पनि परिवर्तन भइरहनु पर्छ । समाजका प्रत्येक अङ्गले सिर्जना गरेका आदर्शहरूलाई अर्थ दिने र संरक्षण गर्ने काम शिक्षाले गर्नुपर्दछ भनेका छन् । दुर्खिमको यो चीनतनलाइ मनन गर्दा नेपालमा सबैलाई विद्यालय स्तरसम्म निःशुल्क शिक्षा प्रदान गर्ने लक्ष्य राखिएको छ तापनि कयौँ बालबालिकाहरूले सामाजिक विभेदका कारण अझै पनि विद्यालय शिक्षाको अवसरबाट वञ्चित छन् । ती बालबालिकाहरू निम्न वर्गका हुन्छन् ।

औद्योगीक समाजको विचार पश्चात् समाजमा शिक्षाको महत्व झन् झन् बढ्दै गइरहेको छ । समाजका मूल्य मान्यताहरूलाई अर्को पुस्तामा हस्तान्तरण गर्नका लागि शिक्षाको महत्व अतुलनीय रहेको छ । शिक्षाबाट किसिमका ज्ञान, क्षमता र तालिमहरूको माध्यमबाट ग्रहण गर्न सकिन्छ (आचार्य, २०६६) ।

## (ख) उदार महिलावादी दृष्टिकोण

शिक्षाले मानिसमा व्यक्तित्व विकास र आत्म सन्तुष्टि प्रदान गर्ने गर्दछ । शिक्षाकै माध्यमबाट मानिसको बौदि्धक, शारीरिक, आध्यात्मिक पक्षको विकासमा महत्वपूर्ण टेवा पुग्दछ । मानिस भित्र लुकेर रहेको कुरालाई शिक्षाले पुनर्ताजगी प्रदान गर्ने गर्दछ । शिक्षामा सम्पूर्ण जात, जाति, धर्म, लिङ्गका आधारमा समान अवसर प्रदान गर्नु जरुरी छ । परम्परावादी उदार नारीवादीहरूले विशेष गरी नागरीक स्वतन्त्रहरूमा जस्तो सम्पत्ति माथि अधिकार, धर्म मान्ने अधिकार जस्ता व्यक्तिगत स्वतन्त्रतालाई जोड दिन्छ । उन्नाइसौ शताब्दीका प्रसिद्ध महिलावादी नेतृ हेरिट टेलर (Harriet Tylor)ले महिलाहरूलाई घर बाहिरका कार्य गर्ने स्वतन्त्रता हुनु पर्दछ भन्ने विषयमा जोड दिई पेसा, शिक्षा जस्ता पक्षमा महिलाका लागि स्वतन्त्रता निकै आवश्यक वस्तु हो भन्ने वकालत गरिन् (सापकोटा, २०६९) ।

उदार महिलावादीका अनुसार हरेक मानवीय प्राणी अमूर्त तत्व हो । यहाँ कुनै खालका लैङ्गिक विभेद निर्माण हुने छैन । समाजमा रहेका मानवीय प्राणीलाई लिङ्गको आधारमा छुट्याउने काम गरेको छ । यही समाजले सबैलाई समाप्त अवसर दिने हो भने महिलाले पनि पुरुष सरह काम गर्न सक्दछन् भन्ने उदार महिलावादीहरूको दृष्टिकोण छ ।

उदार महिलावादले समाजमा महिलाहरू महिला भएकै कारण शिक्षा लिनबाट वञ्चित, घुमफिर माथिको स्वतन्त्रताको बन्देज, घरभित्रका कार्यमा बढी संलग्नता, विवाह गर्ने, बालबच्चा जन्माउने कुरा राजनीति लगायतका क्षेत्रमा महिलाहरू सामाजिक कारणबाट नै पुरुषको नियन्त्रणमा रहेका र महिलाहरूको स्वतन्त्रता लुटिएको चर्चा गर्छन् ।

उदारवादी महिलाहरूले आफ्नै कार्य, रुचि, रोजाइ, आकांक्षाको रोजाइबाट पुरुष सरह आफ्नो क्षमता प्रदर्शन गर्न सक्छन् । यस्तो समानतालाई आफैँ निरन्तरता दिन सक्छन् भन्दै राजनीतिक र कानुनी समानतालाई आफैँ निरन्तरता दिन सक्छन् भन्दै राजनीति र कानुनी सुधारको माध्यमबाट महिला र पुरुषमा समनता ल्याउन सकिन्छ भन्ने अपेक्षा गर्दछ । यसले महिला र पुरुष बिच हुने व्यक्तिगत र स्वतन्त्र सम्बन्ध र अन्तरक्रियालाई समाजमा नारी, पुरुष बिच लैङ्गिक समानता ल्याउने सुरु र आधारिविन्दु हो भन्ने मान्यताको आधारमा विश्लेषण गर्छ । सबै महिलाहरूमा समाजमा लैङ्गिक समानता प्राप्त गर्ने सामर्थ्य हुन्छ । त्यसैले समाजको आधारभूत संरचनामा परिवर्तन नगरी नै समानता प्राप्त गर्न सम्भव छ भन्ने दावी गर्दछ (Ritzer, 1990)।

## २.२ पूर्व साहित्यको समीक्षा

कुनै पनि अनुसन्धान गर्दा अनुसन्धानकर्ताले नयाँ तथ्य, ज्ञान र सिद्धान्तको खोजी गर्नुपर्ने भएकाले आफुले छनौट गरेको क्षेत्र र समस्यामा रहेर पहिल्यै कसैले अध्ययन गरे नगरेको निक्यौंल गर्न पनि सम्बन्धित पूर्व साहित्यको पुनः अध्ययन गर्नु जरुरी छ ।

### २.२.१ विश्व परिवेशमा महिला विभेदीकरण र आन्दोलन

सदियौँदेखि समाजमा लिङ्गका आधारमा महिला र पुरुष बिच विभेद हुँदै आइरहेको छ । परम्परागत रूपमा पुरुषहरूले परिवारको लागि सुरक्षा प्रदान गर्ने कार्य गरेको पाइन्छ भने महिलाहरूलाई बच्चाहरूको स्याहार सुसार गर्ने, घरायसी काम धन्दाहरू गर्ने व्यक्तिको भूमिका निर्धारण गरिएको थियो । सामाजिक परिवर्तनले शिक्षामा पनि प्रत्यक्ष प्रभाव पार्दछ । उदाहरणको लागि दास समाजको शिक्षा, सामन्तवादी समाजको शिक्षा, पुँजीवादी समाजको शिक्षा एकै प्रकारको थिएन र हुन पनि सक्दैन । समाज सामन्तवादी व्यवस्थाबाट पुँजीवादी समाजमा रूपान्तरण हुनासाथ शिक्षा पनि पुँजीवादी समाज अनुरूपको भएको छ फ्रान्सेली क्रान्तिपछि सामाजिक परिवर्तनसँगै शिक्षामा पनि परिवर्तन देखा पर्‍यो । कम्युनिष्ट देशको

शिक्षा प्रणाली त्यहाँको राजनीतिक सामाजिक परिवर्तन अनुसारको नै पाउन सकिन्छ । रुसको जार शाहकालीन समाजको शिक्षामा सामाजिक रूपान्तरण र राजनीतिक परिवर्तनसँगै परिवर्तन भएको पाइन्छ । सोभियत संघको पतनसँग शिक्षा, शिक्षानीति र प्रणालीमा परिवर्तन भएको पाइन्छ । समाज परिवर्तनसँग सामाजिक जटिलता, आवश्यकता र परिवेश परिवर्तन भइरहन्छन् । फेरिएका आवश्यकता, चुनौती र आकांक्षाहरूलाई पुरानो शिक्षा र शिक्षा प्रणालीले पुरा गर्न सक्दैन । तसर्थ शिक्षामा परिवर्तन आवश्यक छ ।

सन् १८५७ मा जर्मनीको एक शिक्षक परिवारमा जन्मिएकी क्लाराजेट किङ अन्तर्राष्ट्रिय समाजवादी महिला नेतृ थिइन् । उनले महिलामाथि भएका तमाम विभेदको जड सामन्तवादी पितृसत्तात्मक संरचनालाई ठान्थिन् । युरोपमा भएको सामन्तवादी आर्थिक संरचनाको पतन पछाडि पुँजीवादले गरेको श्रमिकहरूमाथि शोषणको मुख्य प्रहार महिला माथि नै परेको थियो । सन् १८८९ मा महिला माथि हुने हिंसाको विरोधमा पेरिसमा भएको अन्तर्राष्ट्रिय श्रमिक सम्मेलनमा श्रमिक महिलाहरूमाथि भएका तमाम शोषण विरोध र अत्याचार विरुद्ध महिलालाई रोजगारीमा हुनुपर्ने ग्यारेन्टी, श्रमको उचित मूल्य श्रमिक आमा र बाल सुरक्षाको आवाज उठिरहेको थियो । सन् १८९७ मार्च र महिलाहरूले न्यूयोर्कमा गरेको प्रदर्शनलाई व्यापक रूपमा हेर्न सकिन्छ । सन् १९०७ मा जर्मनीको स्टुगार्डका समाजवादी महिलाहरूको प्रथम अन्तर्राष्ट्रिय सम्मेलन सम्पन्न भएको थियो । जसले महिलामाथि हुने दमनको विरुद्धमा आवाज उठाइएको थियो । सन् १९०९ मा सिकागो सहरमा श्रमिक महिलाले व्यापक हड्ताल, बन्द र जनप्रदर्शन भयो जसले शासक वर्ग माथि ठुलो हलचल पैदा गरेको थियो (राई, कान्तिपुर, २०६९) ।

महिलाहरूसँग सम्बन्धित सवालहरूलाई मुखरित गर्ने विभिन्न समयमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा महिला आन्दोलन र सम्मेलनहरू भएका हुन् । विश्वमञ्चमा सन् १९१० मा पहिलो पटक सँगठित रूपमा ब्राजिल, अमेरिका, चीनका महिलाहरूले राजनीतिक, आर्थिक, शैक्षिक तथा सामाजिक अधिकारको सम्बन्धमा आवाज उठाए । जसले गर्दा सन् १९४५ मा संयुक्त राष्ट्र संघको घोषणापत्र र महिलाका मुद्दाहरूमा सम्बोधनको थालनी भएको थियो । यसलाई सन् १९४८ को मानव अधिकार सम्बन्धी विश्व घोषणा पत्रले समान अधिकारको प्रत्याभूत गरेको छ ।

सन् १९५० पछिका समयमा विकास भएको समाजले समग्र परिवर्तन र रूपान्तरणका साथै लैङ्गिक भूमिकाहरूको खोजी गरेको पाइन्छ । सन् १९५० पछि विकास भएका मान्यताले महिला आन्दोलन प्रजातान्त्रिक व्यवस्था मावन अधिकार, सामाजिक न्याय जस्ता पक्षमा देखिएका सकारात्मक संकेतले लैङ्गिक विभेद हटाउनेतर्फ विश्वभर नै बहस चलाएको पाइन्छ । पछिल्ला समयमा शिक्षामा आएको परिवर्तनले समाजमा लैङ्गिक विभेद, भेदभावलाई हटाउन केही मद्दत पुगेको देखिन्छ । लैङ्गिक विभेद खोजी गर्नका लागि विशेष गरी केट मिलेट (Kate Millet, 1970), जुलिट मिचेल (Juilet Mixchell) शिला रोबोयम जस्ता समाजशास्त्री/मानवशास्त्रीहरूले महिलाहरूको बारेमा सिद्धान्त निर्माणमा योगदान पुऱ्याएका थिए (सापकोटा, २०६८) ।

लैङ्गिक भूमिकाको आधारमा समाजले महिला र पुरुषले गर्ने कार्यको विभाजन गऱ्यो । यसमध्ये बाहिरी संसार र पैसा कमाउने काम पुरुषले र सेवाग्राही घरभित्रको काम गर्ने जिम्मा महिलालाई दिएको पाइन्छ । समाजमा सम्पत्ति सङ्ग्रह गर्नेलाई महत्व दिइएकाले सेवाग्राही घरेलु काम ओझेलमा पर्न गयो । समाजशास्त्रीय एन्थोनि गिडेन्स भन्छन्, हेप्ने र हेपिनुको कारण मानसिक कार्यलाई बढी महत्व दिनु र अधिकार सम्पन्न मान्ने पनि हो । यसले गर्दा महिलाहरू पछि पर्न गए । क्रमशः समाज पितृसत्तात्मक ढाँचामा रूपान्तरण हुँदै गयो र महिलाहरू पर निर्भर बन्दै गए ।

अधिकांश समाजमा आफ्नै परिवारबाट, काम गर्ने अफिसका अफिसरबाट, आफन्तहरूबाट समेत महिलाहरूमाथि कुनै न कुनै रूपमा शोषण हुने गरेको छ । बंगलादेशमा कुनै केटासँग विवाह गर्ने तथा यौन सम्बन्ध राख्न अस्वीकार गर्दा दुस्मनीको नाममा तेजावको प्रयोग गरी पुरुषहरूले हजारौँ महिलाहरूका शरीर कुरूप र अंगभङ्ग पारेका उदाहरण पनि हामी सामु छन् (आचार्य, २०६६) ।

महिला विकासको क्रममा सन् १९५० देखि १९७७ सम्म कल्याणकारी रूपमा सन् १९७० देखि १९९० को दशकका महिला र विकास पछिल्लो चरणमा लैङ्गिक विकासको रूपमा अगाढि बढेको पाइन्छ । समानता, विकास र शान्ति उद्देश्य राखी अन्तर्राष्ट्रिय नारी दशक सन् १९७५-१९८५ घोषणा गरीयो । दोस्रो अर्न्तराष्ट्रिय महिला सम्मेलन सन् १९८० कोपनहेगनले त्यसको कार्यान्वयन पक्षमा जोड दिएको पाइन्छ ।

महिला स्वतन्त्रता र विकासलाई जोड दिई उनीहरूलाई पुरुष सरह सबै कार्य गर्नमा स्वतन्त्रता दिन सके महिला मुक्तिका प्रयासहरू सार्थक रहने कुरा सुनिश्चित छ । सोह्रौं शताब्दीदेखि नै विकासको चरणमा देखा परेको नागरीक स्वतन्त्रता, सम्पत्ति माथिको अधिकार, मताधिकार, वाक स्वतन्त्रता, धार्मिक स्वतन्त्रता जस्ता व्यक्तिगत स्वतन्त्रतालाई जोड दिँदै बिसौं शताब्दीमा आइपुग्दा आर्थिक न्याय, सामाजिक न्याय तथा मानव कल्याणको पक्षमा बढी जोड दिएको पाइन्छ । उन्नाइसौं शताब्दीको प्रख्यात महिलावादी नेतृ हेरिट टेलरले महिलालाई स्वास्थ्य, शिक्षा, पेसा, रोजगार जस्ता पक्षहरूमा स्वतन्त्रता दिनु पर्दछ भनी जोड दिएकी छन् (आचार्य, २०६६) ।

सन् २००७ मा तालिवानहरूले स्वायत प्रान्तमा कब्जा जमाएपछि सन् २००९ मा उनीहरूका लागि स्कुल बन्द गराएका थिए । स्कुल बन्द भएपछि शिक्षाको उज्यालो घामबाट बञ्चित हुन परेको दुःखलाई समेटेर ११ वर्षकी मलालाले बी.बी.सी.को ब्लगमा लेख्न थालिन् । उनको चेतना र क्रान्तिकारी सोचले विश्वको ध्यान केन्द्रित गऱ्यो । उनले तालिवानी विरुद्ध बिबिमा व्यापक गरी नै रहीन् । छोरीलाई स्कुल ज्ञान र महिलालाई सार्वजनिक ठाउँमा प्रतिबन्धको विरोध निरन्तर प्रचार प्रसार गरीन् । त्यसको प्रभाव स्वरूप छोरहीरू विस्तारै विद्यालय जान थालेका थिए । मलालाको उक्त कदम तालिवानीहरूलाई मन परेन । फलस्वरूप ९ अक्टोबर २०१२ मा स्कुलबाट फर्कदै गर्दा बसभित्रै पसेर उनको आक्रमण  गरे । उनको कदमको विश्वमा नै प्रशंसा गर्न थालियो ।

मलाला पाकिस्तानी छोरहीरूका लागि मात्र नभएर विश्वकै आदर्श छोरी बनेकी छन् । उनको त्यो कदमलाई स्वीकार गर्दै बेलायतमा उपचार गराइरहेकी मलालालाई बेलायती प्रधानमन्त्री एवम् विश्व शिक्षाका लागि राष्ट्र संघीय विशेष दूत मोर्डन ब्राउनले 'म मलाला हु' भन्ने नारा सहित सन् २०१५ सम्ममा विश्वका हरेक बालिका स्कुल जान पाउनुपर्छ भन्ने माग गरेका छन् ।

छोरीका लागि शिक्षा नै एउटा त्यस्तो जग हो, जसमा टेकेर उनीहरू आत्मनिर्भर बन्दै स्वाभिमानको जीवन बाँच्न सक्छन् । शिक्षा नै चेतनाको संवाहक हो । त्यस्तो साहस नेपाली छोरहीरूले पनि सिक्नु पर्छ । नेपाल जस्तो पितृसत्तात्मक देशमा पनि अझै पनि महिलाहरू बलात्कृत भएका छन् । हिंसाका सिकार भएका छन् । बोक्सीको आरोपमा आफ्नो ज्यान अर्पण गरेका छन् । आफ्नै विद्यालयका प्रधानाध्यापक, शिक्षकबाट बलात्कृत

भएका छन् । जीउधनको सुरक्षा पाउन सकिरहेका छैनन् । केही समय अघि मात्र भोजपुरकी एक युवती अनपढ भएकै कारण आफू कसको र कुन नामको भिसामा खाडी मुलुक पुगे भन्ने थाहा पाउन नसक्दा अध्यागमनका कर्मचारहीरूबाट धन र सुरक्षाकर्मीबाट तन लुकाउन विवस भइन् । शिक्षा र चेतनाको कमीले गर्दा छोरहीरूले पाएमा यस्ता समस्याहरू व्यापक छन् ।

घरायसी काममा मात्र सीमित भएका महिलाहरूलाई यो बदलिँदो परिवेशसँग समायोजन हुन नसक्नु नै शिक्षा र चेतनाको अभाव भएकोले नै गर्दा उत्पन्न भएको हो । महिला विरुद्ध हुने भेदभावको अन्त्यमा लागि अन्तर्राष्ट्रिय महासन्धिहरूमा हस्ताक्षर भए तापनि त्यस्तो अवस्था आइसकेको अवस्था छैन जुन महिलाले अनुभव गर्न सकून् ।

## २.२.२ नेपालमा महिला शिक्षाको सङ्क्षिप्त परिचय

वैदिक कालमा महिलाहरूले पनि वेद पढ्न पाउँदथे । उनीहरूले ब्रह्मचारिणी भई वेद अध्ययन गरेपछि ब्रह्मचारीणी भएर बस्न सक्दथे । वेद अध्ययन पश्चात् आफ्नो गृह आश्रममा प्रवेश गर्ने महिलालाई सद्योबधु र सन्यासी हुने महिलालाई ब्रम्हचारीणी भन्ने गरीन्थ्यो । बौद्ध शिक्षामा पनि भिक्षु-भिक्षुणी बौद्ध धर्म ग्रन्थ पढ्दथे । पारिवारिक बन्धन तोडेर भिक्षुक महिलाहरू पनि बौद्ध शिक्षा लिन योग्य ठहरिन्थे । विहार, गुम्बा, विभिन्न संघ संस्थाहरू बौद्धशिला अध्ययनका केन्द्र थिए । किरात र लिच्छवीकालमा महिला शिक्षाका बारेमा खासै जोड दिइएको थिएन । लिच्छवीकालमा भृकुटी कला र संस्कृति सघाउने कला प्रेमी भएकाले सङचङगम्पोसित विवाह गरी तिब्बतमा जाँदा उनले शील मञ्जुलाई आफ्नो देशको कला, संस्कृति लगेर चीनमा समेत प्रसार गराएकी थिइन् ।

मल्लकालमा दरबारमा राजकुमार र राजकुमारहीरूलाई पढाउने व्यवस्था थियो । त्यसकालमा पनि महिला शिक्षा सम्बन्धी खासै प्रगति भएको पाइँदैन । धीरशमशेरको पालामा भारतकी गङ्गाबाइ भन्ने एक महिलाले ठमेलमा आधारभूत प्राथमिक शिक्षा सुरु गरेकी थिइन् । उनकै प्रेरणाले नेपालमा महिला शिक्षाको सुरुवात भएको पाइन्छ । राजदरबारमा स्याहार सुसार गर्नेहरूलाई सामान्य लेखपढ, हरहीसाब गर्न सक्ने गराउने व्यवस्था थियो । वीरशमशेरको पालामा गङ्गाबाईले कन्याहरूका लागि प्राथमिक शिक्षाको व्यवस्था गरेकी थिइन् । चन्द्रशमशेरले काठमाडौको ढोक टोलमा वि.सं. १९८० सालमा औपचारिक रूपमा कन्या पाठशालाको सुरुवात गरे । त्यस पाठशालामा संस्कृति परिचय,

अंकगणित, देवीस्तोत्र, रामायण, गीता, नारीको सतीधर्म, आदि पढाउने गरीन्थ्यो । वि.सं. १९९० मा एस.एल.सी. बोर्ड गठन भएको थियो त्यति बेला जम्मा एक जना छात्राले फर्म भरेको पाइन्छ । २००४ सालसम्म महिलाहरूलाई स्वावलम्बी बनाउने कामहरू सिकाइएको पाइन्छ । वि.सं. २००७ सालतिर नेपालको जम्मा साक्षरता दर २ प्रतिशत थियो भने महिलाहरूको शिक्षा विकासतर्फ त नगन्य मात्र साक्षर रहेको पाइन्छ । २००७ सालको प्रजातन्त्रको उदय पश्चात् महिलाहरूले अध्ययन गरेको पाइन्छ । २०२२ सालतिर महिलाहरूलाई पनि सामाजिक सेवा कार्यक्रममा समावेश गराएको पाइन्छ । २०२३ सालमा शिक्षामा दीर्घकालीन योजना अनुरूप न्यूनतम प्रक्षेपणमा सन् १९८० (२०३७) तिर ५० प्रतिशत बालबालिकाहरूलाई प्राथमिक शिक्षा प्रदान गर्ने लक्ष्य थियो । २०२७ सालमा UNICEF को आर्थिक सहयोगमा Equal Access of Women to Education Programe योजना शिक्षा मन्त्रालयले सञ्चालन गरेको पाइन्छ । यति बेला सम्म पनि महिलाको साक्षर दर ज्यादै न्यून रहेको पाइन्छ ।

शिक्षा विकासमा महिलाहरूलाई जोड दिनका लागि Equal access at Development को आधारमा विकास गरी महिला शिक्षा परियोजना ल्याइयो । विभिन्न सरकारी गैरसरकारी संघ संस्थाहरूले महिला शिक्षामा जोड दिए । वि.सं. २०४० सालदेखि महिला शिक्षा परियोजनाको कार्यालय शिक्षा तथा संस्कृति मन्त्रालयमा स्थापना गरेर त्यसको समन्वयकर्ताको समेत व्यवस्था गरीयो । यस परियोजनाबाट अनौपचारिक शिक्षा चेलीबेटी कार्यक्रम ग्रामीण विकासका निम्ति शिक्षा (सेती परियोजना) मा विकास गरीयो । अनौपचारिक शिक्षा कार्यक्रम मार्फत बालिका तथा पिछडिएका वर्गका निम्ति अगुवा प्राथमिक शिक्षा कार्यक्रम UNESCO र विश्व बैंकको सहयोगमा काठमाडौं, सिराहा र कैलालीमा सञ्चालन गर्ने व्यवस्था भएको पाइन्छ ।

राष्ट्रिय मूल नीति २०४३ अनुरूप शिक्षामा महिलाको सहभागिता र संलग्नता बढाउन विशेष प्रोत्साहन पनि एक रहेको पाइन्छ । राष्ट्रिय शिक्षा आयोग, २०४९ ले महिला शिक्षा सम्बन्धमा समेत सिफारिस पेस गरेको थियो । यसै सिफारिस मार्फत शिक्षामा महिलालाई प्राथमिकता दिने कुरा अगाडि सारियो । विद्यालय जान नपाएका वा विद्यालयको अवसरबाट बञ्चित भएका महिलाहरूलाई चेलीबेटी कार्यक्रमका रूपमा चलाइएको र भविष्यका यस्ता कार्यक्रमहरूको विस्तार गर्नुपर्ने कुरा उल्लेख भएको पाइन्छ । राष्ट्रिय शिक्षा आयोग २०४९ को प्रतिवेदनमा उल्लेख भएको सुझाव अनुसार प्राथमिक र माध्यमिक शिक्षाहरूमा छात्राहरूको सहभागिता बढाउनका निम्ति कम प्रतिशत भर्ना हुने जिल्लाहरूमा छात्रवृत्ति कोटा दिने गरेको

थियो । त्यस्तै गरी उच्च स्तरीय शिक्षा आयोग २०५५ को प्रतिवेदन अनुसार शिक्षाको राष्ट्रिय नीतिमा महिलाहरूलाई शिक्षामा समान अवसर सम्बन्धमा थप गरिएको छ ।

देशको आधा भन्दा बढी जनसङ्ख्या ओगटेका महिलाहरू अझै पनि निरक्षर छन् । कुसंस्कार तथा पुरातनवादी समाजको कारणले गर्दा शिक्षा लिने अवसरबाट बञ्चित छन् । उक्त विविध कारणले गर्दा महिलाहरू शिक्षा तथा अन्य कार्यमा सहभागिता कम हुन्छन् र उनीहरू पिछडिएका हुन्छन् । राष्ट्रिय विकासमा अनुभव र कतिपय अध्ययन अनुसन्धानबाट महिलाहरूलाई सशक्तीकरण गर्ने, शिक्षा दीक्षाका लागि सुदृढ र ठोस नीति विशेष कार्यक्रम आवश्यकता परेको कुरा राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०५५ मा उल्लेख छ । महिलाहरूको शिक्षामा सहभागिता ज्यादै न्यून छ । महिला शिक्षामा आएका विभिन्न समस्याहरू जस्तैः नकारात्मक सोच, परम्परावादी मूल्य मान्यता गरीबी, लैङ्गिक विभेद जस्ता महत्वपूर्ण छन् ।

काभ्रेपलाञ्चोकको माझीफेडा गाउँमा जन्मेकी कृष्णमाया योञ्जनले २६ वर्षमा कक्षा २ मा भर्ना भएर ३६ वर्षको उमेरमा गाउँकै विद्यालयमा अध्ययन गरेर एस.एल.सी. पास गरीन् । उनी "छोरीले पढ्नु हुँदैन" भन्ने परिवारमा जन्मेकी थिइन् । उनका परिवारले छोरीले पढ्नु हुँदैन छोरीले त गाई बाख्रा हेर्ने, धारा पधँेरा गर्ने, घाँस दाउरा हेर्ने काम गर्नुपर्छ भन्ने मानसिकतामा हुर्केकी थिइन् । उनले उमेर बढी भयो भनेर पढ्न हिचकिचाउने महिलालाई यस्तो अभिव्यक्ति दिन्छिन् । "अझै पनि कैयौं दिदीबहिनीहरू पढ्न हिच्कचाउनुहुन्छ होला तर म भन्छु नपढ्ने वाहना हजार छन् तर पढ्नको लागि एउटै वहाना हो । जीवन कसरी सजिलो बनाउने भन्ने । उनी गाउँको सम्पन्न परिवारमा जन्मिएकी थिइन् तर पनि उनले शिक्षा लिन पाएकी थिइनन् । अर्काको घर जाने जातले पढ्नु हुँदैन भन्ने कमजोर मानसिकता थियो उनको परिवारमा । अचानक उनी विरामी भइन् जीवन धान्न उनलाई मुस्किल हुने देखे परिवारले र उनले पढ्नका लागि विद्यालय भर्ना गरीदिए । कक्षामा उनलाई कोहीले फूपु त कोहीले दिदी भन्थे । शिक्षकले नै उनलाई नमस्कार दिदी भन्दा उनी साह्रै लजाएको बताउँछिन् । तर पनि उनले पढ्न छोडिनन् । पढ्नका लागि शिक्षक, परिवार, प्रधानाध्यापकले सहयोग गरे । पढ्न थालेपछि उनमा आत्म विश्वास बढ्दै गयो । कसैले उनलाई बुढेसकालमा एस.एल.सी. पास गरेकी भनेर जिस्काउँथे भने कसैले चाँहि राम्रो कार्य गरेकी भनेर हौसला प्रदान गर्ने गर्दथे । अहिले उनले गाउँका सबै बालबालिकालाई पढ्नुपर्छ भन्ने चेतना फैलाउँदै हिड्छिन्, गाउँलाई शिक्षित बनाउने उनको लक्ष्य रहेको छ । फलस्वरूप विद्यालयमा अहिले विद्यार्थीहरूको सहभागिता बढ्दै गइरहेको पनि छ । उनी भन्छिन् त्यतिखेर मेरो पढ्ने उमेर होइन भनेर नपढेको भए म यसरी सक्रिय हुने थिइन् भन्ने धारणा व्यक्त गर्छिन् (शिक्षक मासिक, २०७०) ।

# अध्याय तिन

# अनुसन्धान विधि

## परिचय

अध्ययन निश्चित समय, सीमा र मापदण्डमा रहेर गरीने कार्य हो । अध्ययनसँग सम्बन्धित विषयवस्तु समस्या उद्देश्य आदिका आधारमा निश्चित ढाँचा नमुना, उत्तरदाता, साधन स्रोतको प्रयोगका माध्यमबाट पुरा गरीने कार्य हो । यस अध्ययनमा अध्ययनकर्ता आफैँ अध्ययन स्थलमा गई विभिन्न सामग्रीहरूको सहयोग लिई तथ्याङ्कहरू सङ्कलन गर्ने कार्य गरिएको छ । जसलाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

## ३.१ अनुसन्धान ढाँचा

यस अध्ययन पूर्ण रूपमा वर्णनात्मक अनुसन्धान पद्धतिमा आधारित छ । अनुसन्धानका लागि सम्बन्धित विद्यालयका अभिलेखहरू, विद्यालय सञ्चालक समिति, प्रधानाध्यपक, शिक्षक विद्यार्थीका अर्न्तक्रियाका साथै प्रश्नावली जस्ता साधनहरूबाट आवश्यक तथ्याङ्क एवम् सूचना सङ्कलन गरिएको छ । यस अध्ययनलाई गुणात्मक तथा मात्रात्मक विधिबाट विश्लेषण गरिएको छ । अध्ययनको क्रममा अध्ययन क्षेत्रमा स्थलगत रूपमा अध्ययनकर्ता आफैँ उपस्थित भई सूचना सङ्कलन गर्ने कार्य गरिएको छ । अध्ययनको उद्देश्यको प्राप्ति र वास्तविकता पत्ता लगाई अध्ययनसँग सम्बन्धित व्यक्तिहरूसँग प्रत्यक्ष भेटघाट, अन्तर्वार्ता, अवलोकन, प्रश्नावली जस्ता विधिहरूको प्रयोग गरिएको छ ।

## ३.२ अध्ययन क्षेत्र छनौटको औचित्य

यस अध्ययनको क्षेत्र रूपन्देही जिल्लाको बुटवल नगरपालिका वडा नं. ८ मा रहेको श्री साधना महिला माध्यमिक विद्यालयलाई लिइएको छ । यस अध्ययनमा महिलाहरूले शिक्षा लिने क्रममा पारिवारिक, सामाजिक रूपमा के-कस्ता समस्याहरूको सामना गरीरहेका छन् भन्ने तथ्य पत्ता लगाउनका साथै महिलाहरूको

दैनिक जीवनमा शिक्षाले कसरी प्रभाव पार्न गएको छ भन्नेबारे अध्ययन गर्नको लागि यो क्षेत्र छनौट गरिएको हो । यसका आधारहरू यस प्रकार छन् :

(क) यस विद्यालयमा यस अघि कुनै अध्ययन अनुसन्धान नहुनु ।

(ख) यहाका महिलाहरूको शैक्षिक स्थितिमा आएको सुधार पत्ता लगाउनु ।

(ग) महिलाहरूमा शिक्षाको प्रभावकारिता मूल्याङ्कन गर्नु ।

विद्यालयमा अध्ययन गर्ने सम्पूर्ण उमेर समुहमा विद्यार्थीहरूको अध्ययन गरिएको छ ।

## ३.३ तथ्याङककको स्रोत र प्रकृति

यस अध्ययनको क्रममा तथ्याङ्क सङ्कलन गर्दा निम्नानुसारको स्रोत प्रयोग गरिएको छ ।

### ३.३.१ प्राथमिक स्रोत

यस अध्ययनको क्रममा तथ्याङक सङ्कलन गर्नका लागि शोधकर्ता आफैं अध्ययन क्षेत्रमा गई समस्यासँग परिचित व्यक्तिसँग प्रत्यक्ष भेटघाट, अवलोकन, सर्वेक्षण, प्रश्नावली, अन्तर्वार्ता विधिबाट तथ्याङ्क सङ्कलन गरिएको छ ।

### ३.३.२ द्वितीय स्रोत

शोधकर्ता आफैं सबै कुरा विगत र वर्तमानका तथ्यहरू प्राथमिक स्रोतबाट सङ्कलन गर्न असमर्थ भएको अवस्थामा विद्यालय, विद्यालय अभिलेख, विभिन्न पुस्तक, पत्रपत्रिकाहरूमा प्रकाशित सम्बन्धित लेख रचनाहरू, केन्द्रीय तथ्याङ्क विभागबाट प्रकाशित तथ्याङ्क, किताबहरू, पुस्तकालयबाट प्राप्त सन्दर्भ सामग्रीलाई द्वितीय स्रोतका रूपमा लिइएको छ ।

## ३.४ तथ्याङ्क सङ्कलन विधि

यस अध्ययनमा अध्ययनकर्ता स्वयम् सम्बन्धित कार्यक्षेत्रमा गई तथ्याङ्क सङ्कलन गरिएको छ ।

### ३.४.१ प्रश्नावली

निर्दिष्ट गरिएका उद्देश्यहरूमा आधारित रही खुला र बन्द प्रश्नावली निर्माण गरी विद्यार्थी स्वयम् र विद्यालय सञ्चालक समिति, प्रधानाध्यापक, शिक्षकसँग सूचना लिई तथ्याङ्क सङ्कलन गरिएको छ ।

### ३.४.२ अवलोकन

कार्य क्षेत्रमा छात्राहरूको क्रियाकलापलाई अवलोकन गर्दै विभिन्न तथ्याङ्क सङ्कलन गरिएको छ ।

### ३.४.३ अन्तरवार्ता

विद्यालयमा अध्ययन गर्ने शिक्षक, शिक्षिका, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष तथा विद्यार्थीहरूको समस्याको बारेमा अन्तरवार्ता लिइएको छ ।

### ३.४.४ वैयक्तिक अध्ययन

व्यक्तिगत अध्ययन गर्नुका उद्देश्य पनि समग्रका मूल उद्देश्यलाई अझ प्रस्ट पार्नका लागि गरिन्छ । विद्यालयमा अध्ययन गरीसकेका विद्यार्थी र अध्ययनरत केही विद्यार्थीहरूको व्यक्तिगत अध्ययन गरिएको छ ।

### ३.४.५ तथ्याङ्कको विश्लेषण र प्रस्तुतीकरण

अध्ययनबाट प्राप्त सूचना र तथ्याङ्कलाई उद्देश्यअनुरूप व्यवस्थित रूपमा राखिएको छ । अध्ययनबाट प्राप्त तथ्याङ्कहरूको व्याख्या विश्लेषण गुणात्मक तथा सङ्ख्यात्मक ढाँचामा प्रयोगमा ल्याई प्राप्त तथ्याङ्कलाई आवश्यकता अनुसार तालिका चित्रको माध्यमबाट प्रस्तुत गरिएको छ ।

# अध्याय चार

## श्री साधना महिला माध्यमिक विद्यालयको चिनारी

अनौपचारिक शिक्षाबाट सुरु गरिएको विद्यालयमा अहिले आएर माध्यमिक तहसम्मको अध्ययन हुँदै आईरहेको छ । जिल्ला शिक्षा कार्यालयको अनौपचारिक शिक्षा अन्तर्गतको अनौपचारिक कोटाबाट विद्यालयमा प्रौढ शिक्षा दिइने गरेको थियो । त्यसबेला केवल महिलाहरूलाई साक्षर मात्र बनाउने लक्ष्य राखेको थियो । विद्यार्थीहरू जम्मा हुने र तिनीहरूलाई एक दुई घण्टा अनौपचारिक रूपमा लेख्न पढ्न सिकाइन्थ्यो । उनीहरूलाई पढ्नका लागि सहज वातावरण पनि थियो । त्यसबेला विद्यार्थीहरूलाई एकै ठाउँमा राखेर अध्ययन गराउने गरीन्थ्यो । बढी मात्रामा निरक्षर भन्दा पनि पढेर छाडेका विद्यार्थीहरू शिक्षा लिन आउने गर्दथे । उनीहरूलाई पढ्ने इच्छा बढ्दै गयो । त्यसपछि विद्यालय खोल्नुपर्छ भन्ने अवधारणा विकास भयो । त्यसैको फलस्वरूप विद्यालय स्थापना गरीयो । महिलाहरू शिक्षा लिने क्रममा उनीहरूलाई विभेद गरीने हुनाले आफूहरू तल्लो दर्जाका रूपमा प्रस्तुत हुन पुगेको देखिन्छ । एक वर्ष अनौपचारिक शिक्षा सञ्चालन गरी विद्यालय शिक्षामा नै शिक्षा दिनु आवश्यक ठानियो ।

विद्यालय स्थापना कालमा विद्यार्थीहरूको सहभागिता ज्यादै न्यून थियो । उनीहरूलाई आफैं शिक्षा लिनुपर्छ भन्ने अवधारणाको विकास भइसकेको थिएन । विद्यार्थीहरू भर्ना भए तापनि उनीहरू एक दुई कक्षा मात्र पढेर छाड्ने गरेको पाइन्छ । उनीहरूलाई घर व्यवहार गर्नुपर्ने, घरमा प्रयाप्त समय खर्चिनुपर्ने भएकाले शिक्षामा त्यति ध्यान दिने गरेको पाइँदैन । केही कक्षाहरू पढेका, पढ्दा पढ्दै बिचमा छाडेका विद्यार्थीहरू खोज्नका लागि घरदैलो अभियान समेत सञ्चालन गरीयो । तापनि उनीहरूलाई पढ्नका लागि कहीँ कतैबाट सहज वातावरण मिल्न गएन । विद्यालयको अभाव भएर पढ्न नपाएका, पढ्दा पढ्दै विद्यालय छाडेका, सानै उमेरमा विवाह गरेका विद्यार्थीहरूलाई यस विद्यालयमा पढाउने गरिन्छ । पढ्नका लागि उमेर बाधक हुँदैन, अवसर पाए भने उनीहरूले पनि पढ्न सक्छन् भन्ने मान्यता विद्यालयले राखेको छ । उनीहरूको अधुरो शिक्षालाई पूर्णता दिनका लागि विद्यालय एउटा माध्यम बनेको छ ।

विद्यालयमा आजसम्म आएर १० वर्ष देखि ६५ वर्षका महिला विद्यार्थीहरू अध्ययन गरीसकेका छन् । भनिन्छ, शिक्षा चेतनाको संवाहक हो । उनीहरूलाई जब चेतना आउँछ शिक्षाको पनि आवश्यकता खड्किन्छ । मानिसमा चेतना वृद्धि भएपछि समाजमा मूल्य मान्यतालाई आत्मसात् गर्नका लागि शिक्षाको योगदान महत्वपूर्ण हुन्छ । विद्यालयमा अध्ययन गर्ने अधिकांश विद्यार्थीहरू परिपक्व छन् । त्यहाँ विभिन्न उमेर समुहका विद्यार्थीहरू एउटै कक्षामा अध्ययन गर्ने गर्छन् । विद्यालयलाई एउटा नमुनाका रूपमा लिन सकिन्छ । अरस्तुले भनेजस्तै मानिसले शिक्षा लिने काम कोक्रोबाट सुरु भई चिहानमा गई अन्त्य हुन्छ । यसैको उदाहरणका रूपमा यस विद्यालयमा अध्ययन गर्ने विद्यार्थीलाई लिन सकिन्छ । विद्यालय आउने विद्यार्थीहरू मेहनतका साथ अध्ययन गर्दछन् । विद्यालयमा पारिवारिक वातावरणमा रही शिक्षा दिने गरिन्छ । विद्यालयमा साना उमेरका विद्यार्थीहरू पनि अध्ययन गर्ने गरेको पाइन्छ । आजसम्म विद्यालयमा १० वर्ष उमेर समुह भन्दा कम उमेरका विद्यार्थीहरू भर्ना भएको देखिँदैन ।

## ४.१ अध्ययन क्षेत्रको परिचय

बुटवल क्षेत्र पश्चिमाञ्चल विकास क्षेत्रको मूलधारको रूपमा रहेको नेपालको प्राचीन एवम् ऐतिहासिक रूपन्देही जिल्लाको उत्तरी सीमानामा अवस्थित रहेको छ । यस ठाउँमा रहेका ऐतिहासिक गौरव, गाथाले यस नगरलाई अझ बढी उज्यालो बनाइदिएको छ । भौगोलिक अवस्थालाई हेर्दा ८३$^{0}$१२'१६'' पूर्व देशान्तर र २७$^{o}$ २०' ००" देखि २७$^{o}$ ४७' २५" उत्तरी अक्षांशमा यो जिल्ला पश्चिमाञ्चल विकास क्षेत्र अन्तर्गत लुम्बिनी अञ्चलको ६ जिल्लाहरू मध्ये तराईको एक जिल्ला हो । समुन्द्री सतहबाट करिब १८३ मि. उचाइमा अवस्थित यो सहरको तापमान गर्मीमा ४५ र जाडोमा ८ डिग्री सेलसियससम्म रहेको पाइन्छ । देशमा प्रमुख राजमार्गहरू महेन्द्र राजमार्ग र सिद्धार्थ राजमार्गलाई चिर्दै यो बुटवल नगर अगाडि बढीरहेको छ । २५ कि.मि. दक्षिणमा रहेको भारत र नेपालको नाकाले गर्दा पनि यहाँको व्यापारिक विकासलाई टेवा दिएको पाइन्छ । यसले गर्दा पनि बुटवल क्षेत्र व्यापारिक दृष्टिले राष्ट्रिय स्तरमै महत्वपूर्ण मान्न सकिन्छ ।

बुटवल क्षेत्रलाई शैक्षिक नगरको रूपमा पनि चीनन सकिन्छ । यस क्षेत्रमा पाल्पा, गुल्मी, अर्घाखाची, कपिलवस्तु, प्युठान जिल्लाका मानिसहरूको बाहुल्यता रहेको छ । यस ठाउँलाई उत्तर-पश्चिमतिर चरे भावर पर्वत, दक्षिणपूर्व समथर भू-भागले घेरेको छ । यस

ठाउँमा बासोबास गर्ने मुख्य जातिहरूमा नेवार, बाह्मण, क्षेत्री, मगर, गुरुङ, ठकुरी, थारु, अग्रवाल, मुस्लीम, दमाई, आदि रहेका छन् । मुख्य धर्मावलम्बीहरूमा हिन्दु, बौद्ध, मुस्लिम, शिख, क्रिश्चियन रहेको छ । यस क्षेत्रमा बोलिने भाषाहरूमा नेवारी, मगर, गुरुङ्ग, उर्दु, थारु आदि रहेका छन् ।

यातायातको सुविधा ग्रामीण भेगसम्म फैलिएको छ । यातायातको सुविधाले गर्दा ग्रामीण भागमा उत्पादित सागसब्जी, फलफुल बजारक्षेत्रमा ल्याई बेचविखन गर्न सजिलो बनाएको छ । भारतसँग सीमाना जोडिएको हुँदा यहाँमा मानिसहरूले थारु, हिन्दी भाषालाई सहजै बुझ्न सक्छन् । साथै विभिन्न धार्मिक मूल्य मान्यताले गर्दा पनि एक आपासमा विभिन्न चालचलन रीतिरिवाज सिको समेत गर्ने गरेको पाइन्छ ।

यस नगरमा विभिन्न धर्मालम्बीहरूका मठमन्दिर, बौद्ध गुम्बा र चैत्य विहारहरू रहेका छन् । बुटवलका ऐतिहासिक स्थलहरूमा रामापिथेकस, अबशेषमल्ल (बुटवल फुलवारी), जितगढी किल्ला (जितगढी), मणिमुकुन्द सेन दरबार (फुलवारी), हिलपार्क पर्यटकीय स्थलका रूपमा चर्चित छन् भने मणिमुकुन्द सेन उद्यान, सिद्धबाबा धाम पनि यहाँका उल्लेखनीय स्थलहरू हुन् ।

## ४.२ शैक्षिक क्षेत्रको परिचय

शिक्षा नै देश विकासको प्रमुख आधार हो । जुनसुकै देशको चौतर्फी विकासमा लागि शिक्षाको योगदान महत्वपूर्ण हुन्छ । जतिजति युग परिवर्तन हुँदै जान्छ त्यति त्यति शिक्षामा पनि व्यापक परिवर्तन हुँदै गइरहेको हुन्छ । यस बुटवल क्षेत्रमा व्यापारिक, औद्योगीक विकासका साथ साथै शैक्षिक क्षेत्रमा पनि उल्लेखनीय विकास हुँदै गइरहेको छ । बुटवल नगरपालिकाको स्थापनाकाल सँगसँगै शैक्षिक क्षेत्रमा प्रशस्त मात्रामा विकास हुँदै गइरहेको पाइन्छ । यस क्षेत्रमा इन्जिनियरिङ्ग क्याम्पसदेखि लिएर सरकारी निजी विद्यालय, क्याम्पसहरूले बालबालिकाहरूलाई गुणस्तरीय र वैज्ञानिक शिक्षा प्रदान गर्दै आइरहेको छन् ।

रूपन्देही जिल्लाको पाच वर्ष मुनिको कुल साक्षरता प्रतिशत ७१.६ प्रतिशत छ । प्रा.वि. तहको खुद भर्ना दर (१-५) को ३२.३ प्रतिशत छ । कुल १ देखि पाँच सम्म छात्रा ६७१४४ र छात्र ६७०२२ रहेको छ । यस जिल्लामा सामुदायिकतर्फ प्राथमिक, निम्न माध्यमिक र माध्यमिक विद्यालयहरू क्रमशः १४८, ९८ र १११ वटा रहेका छन्

भने संस्थागत तर्फ क्रमश ७१, ३०, ११३ विद्यालय रहेका छन् । (शैक्षिक सूचना, २०६७/२०६८ जि.शि.का. रूपन्देही)

## ४.३ विद्यालय सञ्चालनका लागि गरिएका प्रयास

२०६२ सालमा श्री साधना महिला नि.मा.वि.को अनौपचारिक रूपमा बैठक बसी विद्यालय खोल्ने सहमति भएको पाइन्छ । विद्यालयका शेयरधनीहरूको बैठक बसेर विद्यालय स्थापनाका लागि त्यतिबेला सम्म अनौपचारिक रूपमा नै छलफल गर्ने गरेको पाइन्छ । त्यसपछि यही वर्षको पौष महिनामा बैठक बसी विभिन्न निर्णयहरू गरेको पाइन्छ । विद्यालय सञ्चालनका लागि विद्यालयको गुठियारहरूबाट सात सदस्यीय समिति गठन गरेको पाइन्छ । यसै समितिले विद्यालयमा नमुना बोर्डिङको भवन निर्माण गर्ने, विद्यालयको नामको लोगो, रसिद छपाउनका लागि पहल गर्ने निर्णय गरेको थियो । विद्यालयका शेयरधनीहरू बाट रु. १५००० का दरले रकम उठाई विद्यालयको खर्च चलाउने निर्णय गरेको पाइन्छ । यसै सालबाट विद्यालय नाम श्री साधना महिला माध्यमिक विद्यालय बुटवल रूपन्देही राख्ने निर्माण गरेको थियो । यस बैठकमा विद्यालय दर्ताका लागि विधान बनाई विद्यालय दर्ता गर्ने काम गरेको पाइन्छ । २०६२ सालको चैत्र महिनामा विद्यालय सञ्चालन समितिको बैठक बसी विद्यालयलाई सार्वजनिक शैक्षिक गुठिबाट स्थापना गरी सञ्चालन गर्ने निर्णय गरेपछि विद्यालय स्थापना हुन पुगेको थियो ।

## ४.४ विद्यालय सञ्चालनका लागि अनुमति

वि.सं. २०६२ सालमा अनौपचारिक शिक्षाबाट विद्यालयमा पठनपाठन सञ्चालन गरिएको थियो । पढाइलाई व्यवस्थित गराउनका लागि कक्षालाई तिन भागमा विभाजन गरिएको थियो । जस अनुसार कक्षा 'क' (१-३), कक्षा 'ख' (४-५) र कक्षा 'ग' (६-७) भनी निर्धारण गरिएको थियो । एक वर्षसम्म अनौपचारिक शिक्षा दिइएको थियो । उनीहरूलाई विद्यालय शिक्षामा समावेश गराउने एउटा खुट्किलो अनौपचारिक शिक्षा थियो । वि.सं. २०६३ सालमा निम्न माध्यमिक तहको स्वीकृति प्राप्त गरी संस्थागत विद्यालयको रूपमा स्थापना गरीयो । विद्यालयलाई सार्वजनिक शैक्षिक गुठिबाट सञ्चालन गरिएको थियो । विद्यालयलाई अहिले आएर सामुदायिक विद्यालयको रूपमा रूपान्तरित गर्ने लक्ष्य राखिएको छ । वि.सं. २०६६ सालमा माध्यमिक तहको कक्षा ९ को कक्षा सञ्चालन अनुमति प्राप्त गऱ्यो । २०६७ मा मा.वि. तहको कक्षा १० को कक्षा सञ्चालन अनुमति प्राप्त गरी

एस.एल.सी. परीक्षा सञ्चालन गरिँदै आइरहेको छ । विद्यालयलाई सामुदायिक विद्यालयमा परिणत गर्नका लागि प्रत्येक वर्ष एक कक्षाको अनुमति लिँइदै आइरहेको छ । त्यसका लागि २०६९ सालमा सामुदायिक विद्यालय तर्फको कक्षा १ सञ्चालन अनुमति प्राप्त गरीसकेको छ ।

## ४.५ विद्यालय सञ्चालनमा सञ्चालक समितिले भोगेका समस्या

कुनै पनि काम गर्दा अनेकौं समस्याहरू आइ पर्दछन् । काम गर्न भनेर समस्याहरूसँग भाग्नु हुँदैन, त्यसको समाधानका लागि विभिन्न व्यक्ति, संघ,संस्थासँग सहयोग लिनुपर्ने हुन्छ । विद्यालय खोल्ने मात्र भनेर हुँदैन त्यसलाई निरन्तरता दिनु ठुलो कुरा हुन्छ । अनेकौं समस्याहरू खेप्दै आईरहेको यो साधना महिला माध्यमिक विद्यालय सञ्चालनमा निम्न समस्याहरू आइपरेका छन् ।

### (क) आर्थिक समस्या

विद्यालय सञ्चालन गर्नका लागि कहीँ कतैबाट आर्थिक सहयोग पाउन सकिरहेको थिएन । विद्यार्थी भर्ना र उनीहरूबाट लिइने न्यूनतम मासिक शुल्कले विद्यालयले आर्थिक स्रोत जुटाइरहेको छ । विभिन्न व्यक्तिहरू संघ संस्थालाई सहयोगको लागि पहल गरे तापनि प्राप्त हुने सकिरहेको छैन । बुटवल नगरपालिका र जिल्ला शिक्षा कार्यालयले अनौपचारिक शिक्षा अन्तर्गत प्राप्त हुने रकम भने दिने गरेको छ । विद्यालयको आर्थिक स्रोत जुटाउन कहिले देउसी भैलो खेल्ने, संस्थापक सदस्यहरूबाट रकम उठाई विद्यालयको आर्थिक स्रोत जुटाउने गरेको पाइन्छ । बुटवल नगरपालिकाले भवन निर्माण गर्नका लागि जग्गा उपलब्ध गराए तापनि आर्थिक स्रोतको अभावमा भवन निर्माण गर्न सकिरहेको देखिँदैन । आर्थिक स्रोतको अभावमा विद्यालय ऋणमा नै सञ्चालन गरिँदै आइरहेको छ । शिक्षक शिक्षिकालाई मासिक तलब खुलाउन पनि धौ धौ परिरहेको छ । सरकारको शिक्षा नीति स्पष्ट नहुनाले गर्दा महिला शिक्षा ओझेलमा पर्न गएको छ । महिलालाई साक्षर बनाउनका लागि यस्ता खालका विद्यालय देशव्यापी रूपमा बढाउनका लागि आवश्यक नीति नियम ल्याउनु जरुरी देखिन्छ । यसो गर्न सकेको खण्डमा उनीहरूको साक्षरता दरमा सुधार आउने देखिन्छ ।

### (ख) राजनीतिक समस्या

विद्यालयमा विभिन्न राजनीतिक दलका व्यक्तिले सहयोग गर्न बताए तापनि उनीहरूबाट सहयोग पाउन सकिरहेको छैन । बेला बेलामा हुने राजनीतिक खिचातानी,

स्थायी सरकार नहुनु, सरकारको शिक्षा क्षेत्रमा स्पष्ट नीति नहुनुले गर्दा विद्यालयमा कहि कतैबाट सहयोग आउन सकिरहेको छैन । शिक्षा क्षेत्रलाई राजनीति गर्ने थलोको रूपमा विकास गरीनुले पनि शिक्षा क्षेत्रमा सोचेजस्तो सफलता पाउन सकिरहेको छैन । शिक्षा क्षेत्रलाई भाग बन्डा गर्नुले पनि यसमा सुधार हुन सकिरहेको छैन । विभिन्न राजनीतिक दलले आफ्नो स्वार्थ, क्षेत्रमा सहयोग गर्ने आस्वासन मात्र दिन पुगेका छन् । सहयोगको लागि विभिन्न राजनीतिक दललाई अपिल गरे तापनि उनीहरूबाट सहयोग पाउन सकिरहेको छैन ।

### (ग) **प्रशासनिक समस्या**

जिल्ला शिक्षा कार्यालयको अनौपचारिक प्रौढ शिक्षा कोटाबाट विद्यालयलाई केही सहयोग आउने गरेको छ । बुटवल नगरपालिकाले पनि नगन्य मात्रामा सहयोग गरे तापनि विद्यालयलाई त्यति धेरै रकम उपलब्ध गराउन सकिरहेको छैन । बुटवल नगरपालिकाले विद्यालयलाई पर्यटकीय क्षेत्रको रूपमा परिचित गराउने लक्ष्य भए तापनि त्यसलाई कार्यान्वयन गराउन सकिरहेको छैन । विभिन्न संघसंस्था, एन.जी.ओ, आई.एन.जी. ओ. ले पनि विद्यालय सञ्चालनमा खासै चासो देखाएको छैन । जिल्ला शिक्षा कार्यालयले विद्यालय खोल्नका लागि अनुमति दिए तापनि आर्थिक रूपमा सहयोग गरेको देखिँदैन ।

### (घ) **भौतिक समस्या**

अध्ययन गरिएको विद्यालयमा विद्यार्थीहरूलाई गर्मी हुने गरेको पाइन्छ । त्यहाँ पंखाको सुविधा छैन जसले गर्दा उनीहरूको पढाइलाई बाधा पुगिरहेको देखिन्छ । उनीहरूलाई व्यावहारिक शिक्षा बाहेक प्रयोगात्मक शिक्षा प्रदान गर्न सकिरहेको छैन । विद्यार्थीको चाप बढी भएको खण्डमा कक्षाकोठाको अभाव हुने देखिन्छ । विद्यालयको आर्थिक स्रोत कमजोर हुनाले सिकाइ वातावरणमा प्रभाव पर्न गएको देखिन्छ । विद्यालयमा शौचालय, खानेपानी बस्ने डेस्कबेन्चको अभाव छ । प्रयोगात्मक क्रियाकलाप गर्नको लागि साधन स्रोतको अभाव छ । उनीहरूलाई किताबी ज्ञानबाहेक अरु कुनै खालको प्रयोगात्मक क्रियाकलाप गराउन सकिरहेको छैन । विद्यालयमा पुस्तकालयको अभाव हुँदा उनीहरूलाई पढाइमा बाधा पुग्न गएको देखिन्छ । कतिपय विद्यार्थीको आर्थिक स्तर कमजोर भएकाले उनीहरूलाई किताब कापी किन्न पनि गाह्रो भएकाले विद्यालयले सहयोग गर्न नसकेको गुनासो समेत सुनाए ।

(ङ) **नैतिक समस्या**

विद्यालय समाजको लागि अत्यावश्यक तत्व हो । मानिसमा चेतनाको विकास गराउन शिक्षाको भूमिका महत्वपूर्ण हुने गर्दछ । शिक्षालाई समय अनुसार परिवर्तन गर्दै लैजानु आवश्यक छ । शिक्षा क्षेत्रमा आवश्यक पर्ने नीति नियम बनाउनु जरुरी छ । महिलालाई पढ्नका लागि महिला विद्यालय खोल्नु जरुरी छ । महिला मात्र पढ्ने विद्यालय नेपालमा एकदमै कम छन् । उनीहरूलाई पढ्नका लागि सहज वातावरण प्रदान गर्न जरुरी छ । शिक्षा क्षेत्रमा स्पष्ट नीति नहुनुले गर्दा महिलाहरूले अनेक खालका विभेद भोग्न बाध्य छन् । जसले गर्दा उनीहरूको आन्तरिक क्षमतामा ह्रास आउने गरेको पाइन्छ । महिलालाई पढाएर के गर्नु छ, अर्कोको घर जाने जात पढ्नु हुँदैन भन्ने कमजोर मानसिकताले गर्दा उनीहरूको शैक्षिक स्तर कमजोर बन्न गइरहेको छ । पढ्न जाँदा पनि लुकीछिपी जानु पर्ने अवस्था अझै पनि रहेको छ । पढ्नका लागि समाज नै बाधक बन्न पुगेको छ । जसले गर्दा उनीहरूको आन्तरिक क्षमता त्यतिकै हराएर जाने गर्दछ । उमेर बढी भएका, विद्यालय जान नपाएका, पढ्दा पढ्दै विद्यालय छाडेका महिलाहरूलाई पढ्नका लागि अभिप्रेरित गर्नु जरुरी छ । विद्यालय जानका लागि प्रोत्साहन गर्नुको साटो उल्टो उनीहरूलाई जिस्काउने गरेको पाइन्छ ।

## ४.६ विद्यालयको योजना

महिलालाई प्रौढ शिक्षा मात्र प्रदान गरेर हुँदैन पढ्न चाहने विद्यार्थीहरूलाई विद्यालय शिक्षामा समावेश गराउनु पर्छ भन्ने अभिप्रायका साथ विद्यालय खोलिएको हो । विद्यालय शिक्षा मात्र प्रदान नगरी यसलाई कन्या विद्यालयको रूपमा स्थापित गरी उच्च शिक्षा समेत प्रदान गर्ने उद्देश्य विद्यालयले राखेको छ । महिलाहरूको बाहुल्यता बढी रहेको देशमा महिलाहरुको शिक्षा क्षेत्रमा सहभागिता बढोस् भन्ने उद्देश्य विद्यालयले लिएको छ । विद्यालय पढेर आफ्नो पढ्ने इच्छा हुँदाहुँदै पनि त्यसलाई अझ माथि सम्म पढ्नका लागि क्याम्पसहरूको अभाव भएको हुनाले उनीहरूले पढ्न नपाएको अवस्था छ । विद्यार्थीको पढ्ने इच्छालाई पुरा गर्नका लागि उच्च शिक्षाका साथै कन्या क्याम्पसको रूपमा विकास गर्ने योजना समेत राखेका छन् ।

# अध्याय पाँच

# महिला शिक्षा र त्यसका लागि साधना महिला माध्यमिक विद्यालयका चुनौती

नेपालमा अझै पनि महिलाहरूको शैक्षिक स्थितिमा सुधार आउन सकिरहेको छैन । जसले गर्दा महिलाहरूको सामाजिक, आर्थिक, राजनैतिक क्षेत्रमा सहभागिता ज्यादै न्यून छ । महिलाहरू शिक्षा लिने क्रममा ज्यादै पछाडि छन् । उनीहरूलाई सामाजिक क्षेत्रमा सहभागिता बढाउनका लागि शिक्षा दिनु अपरिहार्य छ । महिलाहरू सँधै घरको काम गर्ने, बालबच्चा स्याहार सुसार गर्ने काममा मात्र तल्लीन हुन पुगेको देखिन्छ । जसले गर्दा उनीहरू तल्लो दर्जाका रूपमा आफुलाई चीनाउने गर्दछन् । आजभन्दा ३०-४० वर्ष अगाडिको शैक्षिक स्थितिलाई हेर्दा उनीहरूको स्थिति कहाली लाग्दो अवस्था छ । त्यसका लागि साधना महिला मा.वि.ले प्रौढ विद्यार्थीहरूलाई साक्षर बनाउने अभियानमा जुटेको छ । उनीहरूको पढ्ने इच्छालाई पुरा गर्नका लागि विद्यालय स्थापना गरिएको छ । त्यसका लागि विद्यालयमा विद्यार्थीहरूको उपस्थिति बढाउनका लागि साधना महिला मा.वि.ले निम्न समस्याहरू झेल्दै आइरहेको छ ।

## ५.१. विद्यार्थी भर्नादर

तालिका नं. १

विद्यार्थी भर्नादर

| वर्ष | नयाँ भर्ना | परीक्षामा सहभागी विद्यार्थी | विद्यालय छाड्ने विद्यार्थी | जम्मा विद्यार्थी |
|---|---|---|---|---|
| २०६३ | २२ | २० | २ | २२ |
| २०६४ | ४४ | ५१ | १५ | ६६ |
| २०६५ | १४ | ५२ | २८ | ८० |
| २०६६ | २० | ६२ | ३८ | १०० |
| २०६७ | ३५ | ५७ | ७८ | १३५ |
| २०६८ | ५१ | ५८ | १२८ | १८६ |
| २०६९ | १८ | ६८ | १३६ | २०४ |

स्रोत : भर्ना अभिलेख, २०६९

अधिकांश विद्यार्थीहरू विद्यालय भर्ना भए तापनि उनीहरू परीक्षामा एकदमै कम सहभागी हुने गरेको देखिन्छ । अधिकांश विद्यार्थीले परीक्षालाई पढाइको बाधक नभएको बताउँछन् । उनीहरू एक दुई कक्षा पढ्ने र फेरि त्यसभन्दा माथि नपढ्ने गरेको देखिन्छ । त्यस्तो हुनका कारण खोतल्दा उनीहरूलाई समयको अभाव हुनु, घरको कामले गर्दा छुट्कारा नपाउनु, पढ्न आउँदा लाज लाग्नु रहेको पाइन्छ । परीक्षामा जति पनि सहभागी हुने गर्दछन् सबैलाई उत्तीर्ण गराउने गरेको पाइन्छ । उनीहरूलाई पढ्नका लागि सहज वातावरण होस् भनेर सबै विद्यार्थीहरूलाई उत्तीर्ण गराउने गरेको देखिन्छ ।

तालिका नं. २

एस.एल.सी.मा सहभागी विद्यार्थी र उत्तीर्ण प्रतिशत

| वर्ष | जम्मा विद्यार्थी | उत्तीर्ण विद्यार्थी | प्रतिशत |
|---|---|---|---|
| २०६७ | १३ | १ | ७.६९ |
| २०६८ | ९ | ८ | ८८.८९ |
| २०६९ | १५ | १२ | ८० |

स्रोत : विद्यालय प्रतिवेदन, २०७०

२०६७ सालदेखि एस.एल.सी. परीक्षामा विद्यार्थी सहभागी भएका थिए । २०६७ सालको एस.एल.सी. परीक्षामा सहभागी १३ जना विद्यार्थीमध्ये एक जना विद्यार्थी मात्र उत्तीर्ण भएको देखिन्छ । २०६८ मा ९ जना सहभागी मध्ये ८ जना विद्यार्थी उत्तीर्ण भएको पाइन्छ  भने २०६९ मा १५ जना सहभागी विद्यार्थी मध्ये १२ जना विद्यार्थी उत्तीर्ण भएका थिए । माथिको तथ्याङ्क विश्लेषण गर्दा विद्यार्थीहरूको लगनशीलता बढ्दै गएको पाइन्छ ।

## ५.२ विद्यार्थीहरूको उमेरगत संरचना

विद्यालयमा अध्ययन गर्ने अधिकांश विद्यार्थीहरू प्रौढ रहेका छन् । यसलाई प्रौढ महिला पढ्ने विद्यालयका रूपमा चीनने गरिन्छ । विद्यार्थीहरूको कक्षागत उमेर संरचना यस प्रकार रहेको छ ।

तालिका नं. ३

विभिन्न कक्षामा विद्यार्थीको उमेरगत विवरण

| उमेर समुह | कक्षा | | | | | | | | जम्मा विद्यार्थी | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | २ | ३ | ४ | ५ | ६ | ८ | ९ | १० | | |
| १०-२० | २ | १ | - | ३ | - | ४ | ४ | ४ | १८ | ३१.५८ |
| २१-३० | १ | ३ | - | १ | १ | - | - | २ | ८ | १४.०३ |
| ३१-४० | २ | ४ | १ | - | १ | १ | २ | - | ११ | १९.३० |
| ४१-५० | ५ | ४ | १ | - | - | २ | १ | - | १३ | २२.८० |
| ५१-५१ भन्दा माथि | १ | १ | १ | - | - | ३ | १ | - | ७ | १२.२९ |
| जम्मा विद्यार्थी | ११ | १३ | ३ | ४ | २ | १० | ८ | ६ | ५७ | १०० |

स्रोत : कार्यक्षेत्र अध्ययन, २०७०

## ५.३ पढाइमा बाधक तत्वहरू

विद्यालय अध्ययन गर्न आउने अधिकांश विद्यार्थीहरू सानै उमेरमा पढाइ छोड्नेको, बाहुल्यता रहेको पाइन्छ । उनीहरूले सानै उमेरमा पढ्नका लागि विद्यालयको अभाव हुनु, घरबाट नपठाउनु, पढ्न मन नलाग्नु, जस्ता कुराले गर्दा पढ्न नपाउनु आफूहरूलाई घरको कार्य गर्न लगाउने गरेको कुरा बताउँछन् । विद्यालयको अभाव भएर पनि पढ्न नपाएको बताउँछन् । उनीहरूलाई पढ्नका लागि समयको अभाव हुने, पढ्नका लागि टाढा टाढा जानुपर्ने समस्याले गर्दा पढ्न नपाएको कुरा बताउँछन् । छोरीलाई धेरै बढी उमेसम्म पढाउन हुन्न, छिट्टै विवाह गरेर पठाउनुपर्छ, अर्काको घर जाने जातले पढेर के गर्नु भन्ने जस्ता कमजोर मानसिकताले गर्दा उनीहरूको शैक्षिक स्थिति माथि उठ्न नसकेको देखिन्छ । आफूहरूलाई पढ्न मन लागेर के गर्नु घरपरिवारको सहयोग नै नपाउँदा आफूहरू पढ्न नपाएको कुरा अध्ययनको क्रममा थाहा हुन आयो ।

## ५.४ विद्यार्थीहरूलाई मनपर्ने विषय

सबै विद्यार्थीको शैक्षिक स्तर, क्षमता एकै किसिमको हुँदैन त्यसैले कोही विद्यार्थीहरू के विषय मन पराउँछन् भने कोही अर्कै विषय मन पराउँछन् । अध्ययन गरिएको विद्यालयमा धेरै विद्यार्थीहरूले नेपाली विषय मन पराउने गरेको पाइन्छ । उनीहरूलाई बोलिचालीको भाषा नेपाली हुनाले नेपाली विषय मनपर्ने बताउँछन् । अध्ययन गरिएका विद्यार्थीमध्ये २५ जनाले नेपाली विषय मन पराउने गरेको पाइन्छ भने अङ्ग्रेजी, गणित, विज्ञान जस्ता विषयलाई विद्यार्थीले गाह्रो लाग्ने गरेको बताउँछन् । उनीहरूलाई यी

विषयहरूमा जति पढे तापनि बिर्सने, सम्झन गाह्रो पर्ने, अङ्ग्रेजी त झन् एकदम गाह्रो लाग्ने बताउँछन् भने जनसङ्ख्या, शिक्षा, सामाजिक विषयलाई पढ्न त्यति गाह्रो नलाग्ने बताउँछन् । उमेरले परिपक्व विद्यार्थीहरूको स्मरण शक्ति नै कम हुने गर्दछ । जसले गर्दा उनीहरूलाई पढ्न गाह्रो हुने गरेको बताउँछन् । उनीहरूले अङ्ग्रेजी, गणित, विज्ञान जस्ता विषयलाई पढ्नका लागि कम समय दिने गरेको हुनाले पनि अप्ठ्यारो लागेको बताउँछन् ।

## ५.५ विद्यार्थीहरूको शैक्षिक स्थिति

नेपालमा अधिकांश महिलाहरू कम शिक्षित रहेको पाइन्छ । यसमा पनि आजभन्दा ४०/५० वर्ष भन्दा अगाडि महिलाहरूलाई पढ्नका लागि सहज वातावरण पनि थिएन । जसले गर्दा उनीहरूको शैक्षिक स्थिति कमजोर हुन पुगेको देखिन्छ । महिलाहरू केवल घर भित्रको काम गर्ने, केटाकेटी स्याहार सुसार गर्ने जस्ता काममा अग्रसर थिए । अध्ययन गरिएको विद्यालयमा विद्यार्थीहरू पढ्दै नपढेका निरक्षर व्यक्तिहरूलाई अनौपचारिक शिक्षा दिने उद्देश्य राखिएको थियो त्यसले गर्दा विद्यालय शिक्षामा आइपुग्दा निरक्षर व्यक्तिहरू पनि पढ्नका लागि आउने गरेको देखिन्छ । विद्यालय पढ्दा पढ्दै छाडेका, आफ्नो अधुरो शिक्षालाई पुरा गर्नको निमित्त विद्यार्थीहरू विद्यालय आउने गरेका छन् । साधारण लेखपढ गरेका विद्यार्थीहरूलाई आफ्नो योग्यता अनुसारको कक्षामा भर्ना गर्ने गरिन्छ । नियमित रूपमा पढ्न आउने विद्यार्थीहरू नगन्य मात्रामा छन् । उनीहरू पनि अरुको घरमा काम गर्न बसेका आर्थिक स्थिति कमजोर भएमा विद्यार्थीहरू पढ्न आउने गर्दछन् । उनीहरूको शैक्षिक स्थितिलाई यसरी प्रस्ट पार्न सकिन्छ ।

तालिका नं. ४

विद्यार्थीको शैक्षिक स्थिति विवरण

| शैक्षिक स्तर | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| निरक्षर | ११ | १९.३० |
| साधारण लेखपढ | १४ | २४.५६ |
| प्रा.वि | २३ | ४०.३५ |
| नि.मा.वि. | ५ | ८.७० |
| नियमित | ४ | ७.०२ |
| जम्मा | ५७ | १०० |

स्रोत कार्यक्षेत्र अध्ययन, २०७०

उत्तरदाता विद्यार्थीहरू मध्ये यस भन्दा अगाडि पढ्दै नपढेका निरक्षर व्यक्तिहरू समेत विद्यालय भर्ना हुने गरेका छन् । जुन १९.३०% छ । उत्तरदाता विद्यार्थीहरू मध्ये प्रा.वि. तहको गरे। छोडेका विद्यार्थीहरू बढी गरेको पाइयो । जुन ४०.३५% रहेको छ । २४.५६% विद्यार्थीले साधारण लेखपढ गरेको पाइयो । नि.मा.वि. तहको ८.७७% नियमित विद्यार्थी ७.०२% रहेको पाइयो ।

## ५.६ विद्यार्थी पढाइमा आकर्षण हुनका कारणहरू

अध्ययन गरिएको विद्यालयमा विद्यार्थीहरूलाई आफ्नो पढाइलाई निरन्तरता दिनका लागि उनीहरू विद्यालय आउने गरेको पाइन्छ । उनीहरूले पढ्नका लागि विद्यालयको सहयोग अनिवार्य रहेको बताए । विद्यार्थीहरू पढाइमा आकर्षण हुने कारणहरू यस प्रकार रहेको छ ।

तालिका नं. ५

विद्यार्थी आकर्षण हुनका कारण विवरण

| कारण | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| सबैले पढेको देखेर | ९ | १५.७९ |
| छोराछोरीको करकापमा | ३ | ५.२६ |
| साथीभाइले पढेको देखेर | ७ | १२.२८ |
| आफैँलाई पढ्न मन लाग्नु | ३८ | ६६.६७ |
| जम्मा | ५७ | १०० |

स्रोत :- कार्यक्षेत्र अध्ययन, २०७०

उत्तरदाता विद्यार्थीहरूमध्ये ६६.६७% ले आफैँ पढ्न मन लागेर विद्यालय आउने गरेको पाइयो । सबैले पढेको देखेर विद्यालय आउने विद्यार्थी १५.७९% रहेको पाइयो । पढ्नका लागि छोराछोरीले पढाउने गरेको पनि पाइयो । जुन ५.२६% रहेको पाइयो भने साथीभाइले पढ्न जाउ भनेर विद्यालय आउने गरेको पनि पाइयो जुन १२.२८% रहेको पाइयो ।

## ५.७ कतिसम्म पढ्ने विचार

शिक्षा लिनु सबैलाई आवश्यक हुन्छ । किनभने शिक्षा बिनाको जीवन अन्धकारमय हुन्छ । त्यही हो शिक्षा कुन स्तरसम्म लिने भन्ने कुरा उसको इच्छा, पारिवारिक सहयोग, आर्थिक अवस्था लगायत विभिन्न कारणहरू हुन सक्छन् । विद्यालयमा अध्ययन गर्ने विद्यार्थीहरूको पढ्ने विचार कतिसम्म छ भन्ने तलका तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं.६

पढ्ने विचारको आधारमा उत्तरदाताको विवरण

| पढ्ने विचार | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| परिवारले पढाएसम्म | १७ | २९.८२ |
| समय मिल्दा सम्म | १८ | ३१.५८ |
| एस.एल.सी सम्म | १२ | २१.०५ |
| त्यसभन्दा माथि | १० | १७.५६ |
| जम्मा | ५७ | १०० |

स्रोत :- कार्यक्षेत्र अध्ययन, २०७०

अध्ययन गरिएको विद्यालयका विद्यार्थीहरूमध्ये परिवारले पढाएसम्म पढ्ने २९.८२% रहेको पाइयो । समय मिल्दासम्म पढ्ने विद्यार्थी ३१.५८% रहेको पाइयो । एस.एल.सी सम्म २१.०५% विद्यार्थी पाइयो भने त्यसभन्दा पनि अझ माथि पढ्ने विद्यार्थी १७.५५% रहेको पाइयो । यस अध्ययनबाट के देखिन्छ भने उनीहरूलाई पढ्नका लागि घरपरिवारको सहयोग जरुरी रहेको पाइन्छ । उनीहरू विद्यालय शिक्षा मात्र नभई उच्च शिक्षा समेत लिन इच्छुक रहेको बताउँछन् ।

## ५.८ पढेर के गर्ने विचार छ

मानिस शिक्षित भएपछि उनीहरूमा केही गर्ने लक्ष्य पनि रहेको हुन्छ । मानिसअनुसार रुचि फरक-फरक हुन सक्छन् । धेरै विद्यार्थीहरू आफू केबल साक्षर बन्न र दैनिक व्यवहारलाई सहयोग पुगोस् भनेर विद्यालय आउने गरेको पाइयो । पढेर के गर्ने विचार छ भन्नेमा उनीहरूको विचारलाई तल प्रस्तुत गरिएको छ ।

**तालिका नं. ७**

**पढेर के गर्ने विचारको आधारमा उत्तरदाताको विवरण**

| पढाइ पछिको विचार | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| शिक्षक/शिक्षिका | ९ | १५.७९ |
| दैनिक व्यवहार | ४० | ७०.१८ |
| अन्य | ८ | १४.०३ |
| जम्मा | ५७ | १०० |

स्रोत :- कार्यक्षेत्र अध्ययन, २०७०

यस अध्ययनमा पढेर के गर्ने विचार छ भन्नेमा शिक्षक/शिक्षिका बन्ने विद्यार्थी १५.७८% पाइयो । दैनिक व्यवहार गर्न सहज होस् भन्ने विद्यार्थी ७०.१८% पाइयो भने अन्य विचारले पढ्न आउने विद्यार्थी १४.०३% पाइयो जसमा नर्स, सूचीकार, सञ्चारकर्मी, गायिका बन्ने विचारमा पढेको बताए ।

## ५.९ विद्यार्थीहरूको लगनशीलता र सहयोग

विद्यार्थीहरू समय मिल्दा विद्यालय आउने, समयको अभाव हुँदा विद्यालय आउन नपाउने गरेको देखिन्छ । जसले गर्दा उनीहरूले पढाइलाई कम महत्व दिएको पाइन्छ । विद्यार्थीहरू विद्यालयमा ध्यानपूर्वक सुन्ने, कक्षामा नजानेको भएमा नडराई सोध्ने, गृहकार्य नियमित गर्ने गरेको देखिन्छ । घरको काम गर्नुपर्ने, पढ्नका लागि समयको अभाव हुने गर्दा उनीहरूले सोचेजस्तो उपलब्धि प्राप्त गर्न सकिरहेको बताउँछन् । विद्यार्थीहरू भर्ना दर बढ्दै गए तापनि उनीहरूलाई नियमित उपस्थित हुने समयको अभाव हुने गरेको पाइन्छ । उनीहरू परीक्षामा उत्तीर्ण गर्नु भन्दा पनि दैनिक व्यवहार गर्न सहज होस् भन्ने उद्देश्य प्रमुख रहेको बताउँछन् । विद्यार्थीहरूले गृहकार्य गर्दा अभिभावकलाई सोध्ने, अभिभावक नभएको खण्डमा शिक्षक शिक्षिकाको नै सहयोग लिने गरेको पाइन्छ ।

तालिका नं. ८

विद्यार्थीलाई गृहकार्यमा हुने सहयोग

| सहयोग | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| छोराछोरीबाट | २३ | ४०.३५ |
| श्रीमान्‌बाट | ४ | ७.०२ |
| शिक्षक/शिक्षिका | २३ | ४०.३५ |
| अन्य | ७ | १२.२८ |
| जम्मा | ५७ | १०० |

स्रोत : कार्यक्षेत्र अध्ययन, २०७०

अध्ययन गरिएको विद्यालयमा आफ्ना छोराछोरहीरूले पढाइलाई सहयोग गरिरहेको देखिन्छ । उनीहरूलाई नै विद्यार्थीहरूको अभिभावकका रूपमा लिन सकिन्छ । अभिभावक नभएको खण्डमा उनीहरूले शिक्षक शिक्षिकाको सहयोग लिने गरेको पाइन्छ ।

## ५.१० विद्यालयले पारेको प्रभाव

महिलाहरू पढ्नका लागि खोलिएको यस विद्यालयमा विद्यार्थीहरूको सहभागिता बढीरहेको छ । उनीहरूलाई पढ्नका लागि अभिप्रेरित गर्ने उद्देश्य विद्यालयले लिएको छ । महिलाहरूलाई साक्षर बनाउने अभियान विद्यालयले लिएको छ । पढ्दा पढ्दै छाडेमा, विद्यालयको अभावमा पढ्न नपाएमा, अर्काको घर काम गर्न बसेका महिलालाई पढाउने अभिप्राय विद्यालयले लिएको छ । महिलाहरूलाई विद्यालयको प्रभाव पारिरहेको छ । एकले अर्कोलाई पढ्नका लागि अभिप्रेरित गरीरहेका छन् । पढ्नमा सहयोग गरीरहेका छन् । शिक्षक शिक्षिकाको सहयोग महत्वपूर्ण छ । घर परिवार इष्टमित्र, छरछिमेकले उनीहरूलाई सकारात्मक प्रयासका रूपमा लिन सकेको खण्डमा विद्यालयको अझ बढी महत्व हुन जाने देखिन्छ । विद्यालय प्रति समाज, विद्यार्थी, शिक्षक, शिक्षिकाको दृष्टिकोणलाई विद्यालयले पारेको प्रभावका रूपमा व्याख्या गरिएको छ ।

### (क) विद्यार्थीको दृष्टिकोण

शिक्षाले व्यक्तिको सर्वाङ्गीण विकास गराउन सहयोग गर्दछ । व्यक्तिमा समय अनुकूल जीवन निर्वाह गर्नका लागि शिक्षाले मार्गदर्शन प्रदान गर्ने गर्दछ । कक्षा २ मा अध्ययनरत ५२ वर्षीय लकमाया गुरुङका अनुसार विद्यालय आउन थालेपछि आफुलाई कुनै ठाउँ जान पर्दा होडिङ बोर्ड हेर्न सजिलो भएको बताउनुहुन्छ । यति धेरै उमेरमा पढ्न आउँदा आफुलाई अझै पनि बालबालिकाकै अवस्थामा छु कि जस्तो लाग्ने गरेको बताउनुहुन्छ । ४९ वर्षीय दिलकुमारी थापा भन्नुहुन्छ,- विद्यालय आउनका लागि समय मिलाउन निकै गाह्रो परेको छ । तापनि समयलाई सकेसम्म मिलाएर नै विद्यालय आउन रमाइलो लाग्ने गरेको बताउनुहुन्छ । विद्यालय आउन थालेपछि आफूमा आत्मविश्वास बढेको बताउन ुहुन्छ । कक्षा ८ मा अध्ययनरत ५४ वर्षीय विष्णु अधिकारीका अनुसार विद्यालय आउन थालेपछि म पनि अब केही गर्न सक्छु । बेलैमा पढेको भए यस्तो अवस्था नआउने बताउनुहुन्छ । सानै उमेरमा विवाह गरीयो पढ्न नि पाइएन अझै पनि आएर पढ्न पाएकोमा म अत्यन्त खुसी छु । आफू पढ्न थालेपछि त छोराछोरीलाई पनि सँगै पढ्नका लागि सजिलो हुने गरेको बताउनुहुन्छ ।

भरखरै एस.एल.सी. दिएर बसेकी रमा ज्ञवालीको अनुभव पनि उस्तै छ । सानै उमेरमा विवाह गरीदिए पढ्नका लागि घरबाट सहयोग भएन तर अहिले आएर पढ्न पाउँदा खुसी नै छु । अहिले म नै पढ्नका लागि घर परिवारले सहयोग गर्ने गरेको उहाँ बताउनुहुन्छ । सानैमा दाजुभाइ स्कुल जाँदा आफुलाई पनि जान मन लागे तापनि पढ्न नपठाएर गाई, बाख्रा हेर्न पठाउने गरेको बताउनुहुन्छ । अझै पनि पढ्न मन छ उहाँ भन्नुहुन्छ । त्यसका लागि सबैको सहयोग हुनु जरुरी छ । विद्यालय शिक्षा पुरा गरे तापनि क्याम्पस पढ्ने इच्छा रहेको बताउनुहुन्छ ।

विद्यालयमा उमेर बढी भएका विद्यार्थीको बाहुल्यता  छ । उनीहरूलाई विद्यालय आउँदा जिस्काउने गरेको विद्यार्थीहरू बताउँछन् । पढ्नका लागि विद्यालय आउँदा परिचय पत्र देखाउँदा सहुलियत पाउन नसकेको बताएका छन् । विद्यालयले त्यसप्रति ध्यान दिनुपर्ने विद्यार्थीहरू बताउँछन् । विद्यालयको प्रचार प्रसार गर्न सकेको खण्डमा विद्यार्थीहरूको सङ्ख्या बढ्ने देखिन्छ ।

### (ख) शिक्षक शिक्षिकाको दृष्टिकोण

विद्यालय खोल्दादेखि नै पढाउँदै आउनु भएकी शिक्षिका सावित्रा लुइटेल भन्नुहुन्छ विद्यालय आउँदा आफुलाई निकै खुसी लाग्ने गरेको छ । यति धेरै उमेर भएका विद्यार्थीहरूको आफू अभिभावकका रूपमा रहन पाउँदा आनन्द लाग्ने गरेको छ । विद्यालय केवल पैसा कमाउने ठाउँ मात्र नभई सेवा गर्ने ठाउँ भएको बताउनुहुन्छ । विद्यार्थीहरूको लगाव, लगनशीलताले गर्दा पढाउन सजिलो भए तापनि उनीहरूको बुझ्ने क्षमता भने अलि कम हुने गरेको छ । उमेर बढी भएकै कारण पढाइमा अझ बढी मेहनत गर्नु परेको छ । कक्षामा शान्त भएर सुन्ने नजानेको भए सोध्न नहिच्किचाउने हुँदा पनि पढाउन सजिलो छ । शिक्षिका बसन्त पौडेल भन्नुहुन्छ । आफुले विद्यार्थीलाई मार्गदर्शन प्रदान मात्र गर्ने मेहनत त आफैँ गर्ने गर्दछन् भन्नुहुन्छ । उमेर बढी हुनाले बारम्बार दोहोऱ्याई तेहेऱ्याई पढाउनुपर्छ । उनीहरूले पढाइलाई महत्वका रूपमा हेर्ने हुँदा सजिलो लाग्ने गरेको छ । विद्यालयमा अध्यापन गर्ने शिक्षक शिक्षिकाहरू सेवाको भावनाले विद्यालय आउने गरेको बताउनुहुन्छ । उनीहरूले ५/६ महिनाको तलब नै नलिई पनि अध्यापन गरिरहेको विद्यालय अध्यक्ष बताउनुहुन्छ ।

### (ग) विद्यालयप्रति समुदायको दृष्टिकोण

व्यक्ति, समाज र राष्ट्रलाई बुझ्नका लागि शिक्षाको भूमिका महत्वपूर्ण हुन्छ । विद्यालय आउँदा अधिकांश विद्यार्थीहरूलाई जिस्काउने, घरको काम गर्न नसकेर विद्यालय जाने भन्ने जस्ता अभिव्यक्तिले गर्दा समाजले महिलालाई हेर्ने दृष्टिकोण प्रस्ट हुन आउँछ । तापनि उनीहरू समाजले जे भने तापनि विद्यालय आउनका लागि अरुको मतलबै नगर्ने  बताउँछन् । कसैले विद्यालय जाने महिलालाई सकारात्मक सन्देशमा रूपमा लिने गरेको पनि विद्यार्थी रमा ज्ञवाली बताउनुहुन्छ । अभिभावक रामु पाण्डेका अनुसार आफ्नो श्रीमती पढ्न जाँदा आफुलाई एक दम खुसी लागेको बताउनुहुन्छ । त्यस्तै अभिभावकहरूले पढ्नका लागि सहयोग गरे अरुले जे भने पनि वास्ता नगर्ने विद्यार्थीहरू बताउँछन् । विद्यालय सञ्चालनमा बुद्धिजीवि, पेसाकर्मी, समाजसेवीले विद्यालयलाई सहयोग गरीरहेका छन् । रूपन्देही जिल्लाको नमुना विद्यालयका रूपमा साधना महिला मा.वि. रहेको छ । नगरपालिकाले यस विद्यालयलाई पर्यटकीय क्षेत्रका रूपमा विकसित गर्ने लक्ष्य लिने गरेको विद्यालयकी संस्थापक अध्यक्ष सावित्रा अर्याल बताउनुहुन्छ ।

### (घ) सञ्चालक समितिको दृष्टिकोण

विद्यालय स्थापना गर्दा खेरी विद्यार्थीहरूलाई जम्मा गर्न निकै मेहनत गर्नुपरेको थियो । अहिले आएर विद्यार्थीहरूको सहभागिता बढी रहेको छ । महिलालाई पढ्नका लागि सहज वातावरण नहुँदा उनीहरू सधैँ पछाडि पर्न गएको देखिन्छ । शिक्षा क्षेत्रमा महिलाहरूको पहुँच ज्यादै न्यून छ । विद्यालय जानका लागि घरबाट सहयोग नगर्दा पढेर के हुन्छ भन्ने मानसिकताको विकास हुँदै गएको पाइन्छ । संस्थापक सदस्यहरूको सहयोगले मात्र विद्यालयको आर्थिक स्रोत जुटाउनु परेको छ । नातिनातिना पढाउने बेलामा हजुर आमालाई पढाउने मुर्ख काम हो भनेर आफूहरूलाई हतोत्साही बनाउन खोजेको उहाँ बताउनुहुन्छ । त्यसबाट आफुलाई झन् कडा मेहनत गर्नका लागि ऊर्जा प्राप्त गरेको समेत बताउनुहुन्छ । विद्यालयलाई अझ विस्तार गर्दै लैजाने सञ्चालक समितिका व्यक्तिहरू बताउनु हुन्छ । विद्यालयलाई कन्या विद्यालयका रूपमा परिणत गर्नका लागि कडा मेहनत गर्ने बताउँछन् । बुद्धिजीवी, राजनीतिकर्मी, समाजसेवीले सहयोग गर्न सकेको खण्डमा विद्यालयले अझ राम्रो र गुणस्तरीय शिक्षा प्रदान गर्ने लक्ष्य रहेको देखिन्छ ।

### विद्यालयमा विद्यार्थीको सहभागिता

अध्ययन गरिएको विद्यालयमा सुरुमा २२ जना विद्यार्थीहरू पढ्नका लागि भर्ना भए तापनि आफ्नो समय नमिलेकाले उनीहरूले बिचमा नै पढाइ छाडेको पाइयो । त्यसपछिका वर्षहरूमा भने विद्यार्थीहरूको सङ्ख्या बढ्दै गइरहेको छ । अझै प्रचार प्रसारको अभावले गर्दा विद्यालयमा विद्यार्थीको सङ्ख्या कम रहेको पाइयो । विद्यालयमा विद्यार्थीहरू नियमित उपस्थित हुन नसके तापनि उनीहरू विद्यालय आउन समेत छाडेका छैनन् । साथीभाइको करकाप, छोराछोरीको सहयोग रहने हुँदा विद्यालय आउने गरेको पाईन्छ । अझै पनि विद्यालयमा सोचेजस्तो विद्यार्थी आउन सकिरहेका छैनन् । आजसम्म २६१ जना विद्यार्थीहरू विद्यालय अध्ययन गरीसकेका छन् । एक दुई कक्षा पढ्ने र बिचमा नै छाड्ने विद्यार्थीहरूको बाहुल्यता बढी रहेको पाइन्छ । विद्यालयले विद्यार्थीहरूलाई पढ्न सहज होस् भनी कक्षा १ मा विद्यार्थी भर्ना नगरी कक्षा २ बाट अध्ययन गराउन भर्ना लिने गरेको पाइन्छ भने कक्षा ७ नपढाइ ८ कक्षामा पढाउने गरेको पाइन्छ ।

## ५.११ वैयक्तिक अध्ययन - एक

नामः- रमा ज्ञवाली

वर्ष :- २६

शिक्षा :- एस.एल.सी

मेरो नाम रमा ज्ञवाली हो । मैले भर्खरै एस.एल.सी को परीक्षा सकेर बसेकी हुँ । मैले श्री साधना महिला माध्यमिक विद्यालयमा अध्ययन गरेकी छु । मैले नि.मा.वि. तहको अध्ययन पुरा गरेर छाडेकी थिए । सानै उमेरमा विवाह गरेर विद्यालय छाडेकी छु । मेरो घरमा पढाउनका लागि आर्थिक स्रोतको अभाव थियो । पढ्नका लागि विद्यालय जान पाउदिन थिए । घरको कार्य गर्नुपर्ने भएकाले दाजु, भाइ स्कुल जाँदा मलाई पनि पढ्न जान मन लाग्थ्यो तर पढ्न जान दिइदैनथ्यो । मेरो घर परिवार कृषि पेसामा आधारित थियो । मलाई घरमा सबै काम गर्नु पर्ने बाध्यता थियो, त्यसले गर्दा पनि म विद्यालय जान पाउँदिनथे ।

सानै उमेरमा विवाह गरिदिँदा मैले मेरो पढाइलाई निरन्तरता दिन सकिरहेकी थिइन । पढाइ छाडेको १२ वर्षपछि म फेरि कक्षा ९ मा यस विद्यालयमा अध्ययन गर्न थाले । मेरो पढ्ने इच्छालाई यस विद्यालयले पुरा गरिदिँदा म अत्यन्तै खुसी भएकी छु ।

मैले प्रथम श्रेणीमा एस.एल.सी पास गरीसकेकी छु । अझै पनि मलाई पढ्ने रहर छ । पढ्का लागि घरबाट पनि सहयोग पाउने गरेकी छु । विद्यालयमा शिक्षक/शिक्षिकाको व्यवहार देख्दा मलाई अझै पनि विद्यालय जान मन लागेको छ । मलाई क्याम्पस पनि पढ्न मन लागेको छ । यस विद्यालयले उच्च शिक्षा खोल्यो भने म यही विद्यालयमा अध्ययन गर्ने विचारमा छु । मेरो पढाइले गर्दा घरमा छोराछोरीलाई पनि पढ्नका लागि सहयोग पुऱ्याएको छ । मेरो उमेर अलि धेरै हुँदा पढाइमा अझ राम्रो अंक ल्याउन समेत गाह्रो पर्दै गइरहेको थियो ।

म विद्यालय जाँदा बसमा जानु पर्दथ्यो । बसमा विद्यार्थी परिचयपत्र देखाउदा सबैले जिस्काउने गर्दथे । त्यसले गर्दा मलाई नरमाइलो लाग्ने गर्दथ्यो । घरपरिवारको सहयोगले गर्दा म विद्यालय तह पुरा गर्न सफल भए । सुरुमा विद्यालय

जाँदा छरछिमेकले कुरा काट्ने गर्दथे तैपनि म विद्यालय जान छाडिन । अब पढ्न जान मन लागेको व्यक्तिलाई सहयोग गर्न म हरबखत लागिरहने छु ।

## वैयक्तिक अध्ययन -दुई

नाम :- सीता पाण्डे

उमेर :- ४२

शिक्षा :- कक्षा ३

मेरो नाम सीता पाण्डे हो । मैले श्री साधना महिला माध्यमिक विद्यालयमा कक्षा २ पास गरेर तिन कक्षा पढ्दै छु । मलाई सानो छदा पढ्नमा खासै रुचि थिएन । दिदी, बहिनी, दाजु, भाइ स्कुल जाँदा मलाई पनि घरबाट पढ्न पठाउथे तर म पढ्न जादिनथे । मलाई घरको काम गर्न घरमै बस्नलाई रुचि थियो । बल्ल अहिले ती दिन सम्झदा मलाई पश्चात्ताप लाग्ने गर्दछ ।

मेरो विवाह पनि सानै उमेरमा भएको हो । मलाई फेरि पनि पढ्न मन लागेर विद्यालय आएकी छु । मैले सकेसम्म पढ्ने विचार गर्दैछु । पढ्नका लागि मलाई घरपरिवारको सहयोग छ । छोराछोरी सबै पढेलेखेका छन् । उनीहरूले पनि पढ्नका लागि मलाई सधैं सघाउने गर्दछन् । सुरुमा पढ्न जान्छु भन्दा आफैँलाई लाज लाग्ने गर्दथ्यो । टोल छिमेकमा साथीहरूसँगै जाने गर्दैछौं ।

दैनिक घरव्यवहार गर्नका लागि सजिलो होस् भनेर म विद्यालय जान लागेकी छु । पढ्न थालेपछि मेरो जीवन शैलीमा पनि सुधार आउन थालेको छ । घरमा पाहुना आउँदा मेरो पढाइलाई अलि बाधा पुग्न जान्छ । म सकेसम्म नियमित विद्यालय जान्छु । यति धेरै उमेरमा मलाई पढ्नमा सहयोग गर्ने यस विद्यालयलाई धन्यवाद दिन चाहान्छु ।

## वैयक्तिक अध्ययन :- तिन

नाम :- सरस्वती थापा

शिक्षा :- ३ कक्षा

मेरो नाम सरस्वती थापा हो । म भर्खरै दुई कक्षा पास गरेर तिन कक्षामा पढ्न लागेकी छु । मेरा बाबा आमा सानै उमेरमा बित्नुभयो । घरको कामकाज आफैँ गर्नुपर्दथ्यो ।

भाइलाई पढ्नका लागि अर्काको घरमा काम गरेर पढाउने गर्दथे । मैले सानै उमेरदेखि नै पढ्न पाएकी थिइन । पढ्नका लागि सहयोग पुऱ्याउने पनि कोही थिएन ।

अहिले आएर मेरा साथीहरू क्याम्पस पढ्न गएको देख्दा मलाई पनि पढ्न जान मन लाग्थ्यो । म अहिले पनि अरुको घरमा काम गर्न बसेकी छु । मलाई पढ्नका लागि खासै फुर्सद हुँदैन । घरमालिकले नै पढ्नका लागि सहयोग गर्नुहुन्छ । म घरको काम विहान ४ बजे उठेर गर्ने गर्दछु । मेरो काम विहान भरि हुन्छ । काम सकेर विद्यालय जान्छु । बेलुका फर्केपछि म एकछिन पढ्ने गर्छु । रातिको काम सकेर म ११ बजेसम्म पढ्ने गर्दछु । आजकाल पढ्न थालेदेखि मलाई दैनिक व्यवहार गर्नका लागि सहयोग हुन थालेको छ । पहिला नै पढ्न पाएको भए अरुको घरमा काम गर्न बस्नु पर्ने थिएन आफैं आत्मनिर्भर हुने थिए । पढाइको महत्व अहिले आएर बुझ्केकी छु । अझै पनि पढ्न पाउँदा खसी लागेको छ । मलाई पढ्नका लागि सहयोग गर्ने घरमालिक र विद्यालयलाई धेरै धेरै धन्यवाद दिन चाहन्छु ।

## अध्याय छ

# सारांश, निष्कर्ष र सुझाव

### ६.१ सारांश

मानव विकासको स्तर मापनको लागि शिक्षा एउटा आधारभूत सूचक हो । साक्षरताले सूचनामा पहुँच पुऱ्याउन सहयोग गर्छ भने शिक्षा हासिल गरेपछि नयाँ अवसरहरूको लागि ढोका खुल्दछ । नेपालीहरूको शैक्षिक स्तर धेरै नै निम्न स्तरको छ र अधिकांश जनशक्ति विदेश पलायन हुँदै गइरहेको छ । अर्को समस्या भनेको सामाजिक समुहहरूका बिच शिक्षाको पहुंचमा स्पष्ट विभेद हो । अझै पनि जातजातिको आधारमा शिक्षा लिनका लागि बन्देज गरिँदै आएको पनि पाइन्छ । दुई तिहाई जनजातिहरूको साक्षरता दर राष्ट्रिय औसतभन्दा कम छ । शिक्षामा आएको असमान विविधता, विभेदले गर्दा महिलाहरू शिक्षा लिनबाट वञ्चित भइरहेका छन् । विकासका लागि शैक्षिक क्षेत्रको पनि विकास हुनु जरुरी छ । शैक्षिक स्तर वृद्धि गर्न र साक्षरतालाई सत प्रतिशत (१००%) पुऱ्याउनका लागि राष्ट्रिय बजेटको १८ प्रतिशत भाग शिक्षा क्षेत्रमा लगानी गरिएको छ । त्यसका साथै एन.जी.ओ, आइ.एन.जी.ओ ले पनि शैक्षिक क्षेत्रको विकासको लागि पनि थुप्रै लगानी गरिरहेको छ । नेपालको सरकारी विद्‌यालय सङ्ख्यात्मक रूपमा वृद्धि भएपनि गुणस्तरमा भने सन्तोषजनक सुधार हुन सकिरहेको छैन । दिनप्रतिदिन खस्किँदो अवस्थामा छ । नेपालको निजी विद्‌यालयको तुलनामा सरकारी लगानी पनि सामुदायिक विद्‌यालयमा उल्लेखनीय छ तापनि किन सामुदायिक विद्‌यालयको शैक्षिक स्तर वृद्धि हुन सकेको छैन ? सोको अध्ययन अनुसन्धान हुन सकिरहेको छैन । निजी विद्‌यालयको तुलनामा सरकारी विद्‌यालयको शैक्षिक स्तर दिनप्रतिदिन खस्किदै गइरहेको छ ।

नेपालमा महिलाहरूलाई शिक्षा क्षेत्रमा गरीने विभेदले गर्दा पनि उनीहरूको शैक्षिक स्तर पुरुषहरूको तुलनामा ज्यादै न्यून छ । पिछडिएको समाजका कारण छोरीलाई पढाउनु हुँदैन भन्ने कमजोर अन्धविश्वासी मान्यताले गर्दा महिलाहरू शिक्षा क्षेत्रमा सोचे जस्तो सफलता पाउन सकिरहेका छैनन् । आर्थिक रूपमा सम्पन्न व्यक्तिहरूले आफ्ना छोराछोरीहरू लाई निजी विद्‌यालयमा पढाउने र कमजोर आर्थिक अवस्था

भएकाले सरकारी विद्यालयमा पढाउने भएकाले सरकारी विद्यालय गरीबहरू मात्र पढ्ने विद्यालय हो भन्ने छाप पनि नेपाली जनमानसमा परिरहेको छ ।

महिलाहरूलाई सानै उमेरमा विवाह गरीदिने महिलालाई पढाउनु हुँदैन भन्ने, अरुको घरमा जाने जातले पढेर के नै गर्छ भन्ने परम्पराले गर्दा उनीहरू शिक्षा लिनबाट वञ्चित हुनुपरेको छ । महिलालाई पनि शिक्षित बनाउनुपर्छ । उनीहरूको आन्तरिक क्षमतालाई प्रस्फुटन गर्नपर्छ भनेर स्थापना गरिएको यस विद्यालय एउटा नमुना विद्यालयको रूपमा अगाडि बढीरहेको छ ।

यस अध्ययनबाट समग्र महिला विद्यार्थीहरूको कमजोर शैक्षिक स्थितिमा रहेका सामाजिक, सास्कृतिक पारिवारिक पक्षहरूले शिक्षामा कस्तो प्रभाव पारेको छ, उनीहरू विद्यालय आएर के-कस्ता गुणहरूको विकास भयो जस्ता पक्षहरूको अध्ययन गरिएको छ । उनीहरूलाई उमेरले गर्दा शिक्षामा कस्तो अप्ठ्यारो पारेको छ । विद्यार्थीहरूले नेपाली विषयलाई बढी प्राथमिकता दिएका छन् भने अङ्ग्रेजी, गणित, विज्ञान विषय बढी गाह्रो लाग्ने गरेको बताउँछन् ।

विद्यालय स्तरको शिक्षामा महिलाहरूको स्तर वृद्धि गरेर समग्र राष्ट्रिय विकासलाई समेत अगाडि बढाउनु आजको आवश्यकता छ । विद्यालयमा आउने विद्यार्थीलाई दैनिक घरधन्दा गर्न र विद्यालय आउन कस्तो खालको कठिनाई आइपरेका छन्, भन्ने विषयहरूको अध्ययन गरिएको छ ।

विद्यालय आएपश्चात् उनीहरूलाई दैनिक व्यवहार गर्न, सजिलो भएको यस अध्ययनले पुष्टि गर्छ । शैक्षिक स्तरलाई अझ वृद्धि गर्नका लागि सबै क्षेत्रको सहयोग हुनुपर्ने देखिन्छ ।

## ६.२ उपलब्धि

विशेष विद्यालय शिक्षामा विद्यार्थीको सहभागिता र चुनौतीहरूमा आधारित यस समाजशास्त्रीय अध्ययनले सामाजिक, साँस्कृतिक, पारिवारिक पक्षहरूले विद्यार्थीहरूको शैक्षिक क्षेत्रमा पारेको प्रभावको अध्ययन गरिएको छ ।

यस अध्ययनमा विद्यालय सञ्चालनमा आएका समस्या, चुनौतीका साथै विद्यार्थीहरूको सहभागिता र चुनौतीहरूको विश्लेषण गर्दा अध्ययनमा उपलब्धिहरू यसप्रकार रहेका छन् ।

- विद्यालय सञ्चालनमा आर्थिक समस्या बढ्दै गएको छ ।
- विद्यालयमा विद्यार्थीहरूको सहभागिता भने वर्षेनी बढ्दै गएको पाइए तापनि विद्यालयमा भौतिक सुविधाको अभाव देखिन्छ ।
- विद्यालय सञ्चालनमा कुनै पनि एन.जि.ओ, आइ.एन.जि.ओको सहयोग रहेको छैन ।
- विद्यालयको निजी स्रोत, व्यक्तिहरूको सहयोग, नगरपालिका, जिल्ला शिक्षा कार्यालयको सहयोगमा विद्यालयको आर्थिक स्रोत जुटाइएको छ ।
- विद्यार्थीबाट भर्ना शुल्क र न्यूनतम मासिक शुल्क लिने गरिन्छ ।
- जिल्ला शिक्षा कार्यालयको अनौपचारिक शिक्षा अन्तर्गतको प्रौढ शिक्षाको आर्थिक कोटाबाट विद्यालयलाई सहयोग आउने गरेको पाइन्छ ।
- विद्यालयको आर्थिक स्रोत जुटाउनलाई सञ्चालकहरूले मेहनत गरी जुटाउने गरेको पाइन्छ ।
- छोरी पढाउनु हुँदैन भन्ने समाजमा प्रौढ महिलालाई पढाउनु मुख्य चुनौती रहेको पाइन्छ ।
- शिक्षकहरूले बढी मात्रामा सहयोग गर्ने उद्देश्यका साथ विद्यालयमा पढाउने गरेको पाइन्छ ।
- विद्यालय आउन थालेपछि विद्यार्थीहरूलाई दैनिक व्यवहार गर्न सघाउ पुगेको देखिन्छ ।
- विद्यार्थी नियमित उपस्थित हुनका लागि घर परिवारबाट पर्याप्त समय पाउन नसकिरहेको अवस्था छ ।
- विद्यालयमा अधिकांश विद्यार्थीहरू २० वर्ष उमेर समुह माथिका रहेको पाइन्छ ।
- अध्ययन गरिएको विद्यार्थीमध्ये सबैभन्दा बढी नेपाली विषय मनपराउने गरेको पाइयो भने सबैभन्दा कम गणित, विज्ञान, अङ्ग्रेजी विषयलाई मन पराएको देखिन्छ ।

- विद्यार्थीले पढ्न नपाउनुको कारणमा घरबाट नपठाएर भन्ने ३३.३३%, सानै उमेरमा विवाह गरेर भन्नेमा १४.०३% पढ्न मन नलाग्ने भन्नेमा १९.२९%, विद्यालय अभाव भए पढ्न नपाउने विद्यार्थी १७.५५% र अन्य कारणले पढाइ छाडेको बताउने विद्यार्थी १५.८०% रहेको छ ।
- अध्ययन गरिएको ५७ जना विद्यार्थी मध्ये सबैभन्दा बढी कक्षा ३ मा भर्ना भएको पाइयो भने सबैभन्दा कम कक्षा ६ मा जम्मा ३ जना भर्ना भएको पाइन्छ ।
- विद्यार्थीलाई गृहकार्यमा छोराछोरी र शिक्षक/शिक्षिकाबाट बढी सहयोग हुने गरेको पाइयो । जुन समान ४०.३५% रहेको छ भने श्रीमान्ले पनि सहयोग गर्ने गरेको पाइन्छ ।
- ४०.३५% विद्यार्थीले प्रा.वि. तह मात्र पढेको देखिन्छ भने विद्यालयमा निरक्षर विद्यार्थीहरू पनि आउने गरेको पाइन्छ । निरक्षर विद्यार्थी १९.३०%, साधारण लेखपढ गरेर छाड्ने विद्यार्थी २४.७५%, नि.मा.वि.तह पढेर छाडेको विद्यार्थी ८.७७% रहेको पाइयो भने नियमित पढ्ने विद्यार्थी ७.०२% मात्र रहेको छ ।
- सबैले पढेको देखेर विद्यालय आउने विद्यार्थी १५.७९% छोराछोरीको करकापले गर्दा ५.२६% साथीभाइले पढेको देखेर १२.२८% रहेको देखिन्छ भने आफैं पढ्न मन लागेर विद्यालय आउने विद्यार्थी ६६.६७% रहेको छ ।
- समय मिले सम्म पढ्ने भन्ने विद्यार्थी ३१.५%, परिवारले पढाएसम्म पढ्न आउने विद्यार्थी २९.८२%, एस.एल.सी. सम्म पढ्ने विद्यार्थी २१.०५% भने त्यसभन्दा माथि नि पढ्ने भन्ने विद्यार्थी १७.५५% रहेको छ ।
- पढेर शिक्षक शिक्षिका बन्ने विद्यार्थी १५.७९%, दैनिक व्यवहार गर्न सहयोग पुऱ्याउने उद्देश्यले विद्यालय आउने विद्यार्थी ७०.१८% र अन्य कारणले पढ्न आउने विद्यार्थी १४.०३% रहेको छ ।

## ६.३ निष्कर्ष

विद्यार्थीहरूको शैक्षिक स्तरमा प्रभाव पार्ने तत्वहरूमा सामाजिक, आर्थिक, पारिवारिक पक्षको महत्वपूर्ण स्थान हुने गर्दछ । नेपाली समाजमा हुने महिला प्रतीको विभेदको एउटा प्रमुख तत्व शिक्षा पनि हो । महिलाहरूले आफुलाई केही गर्न नसक्ने,

महिलाले महिलालाई गर्ने विभेद, विभिन्न रीतिरिवाज, चालचलन प्रथाले गर्दा शिक्षा लिन सकिरहेका छैनन् । महिलाहरूको शैक्षिक स्तर कमजोर हुनाले उनीहरूले निर्णय गर्न सक्ने क्षमतामा कमी आउने गरेको पाइन्छ । महिलाहरूलाई गर्भकै अवस्थादेखि विभेद गरिन्छ । छोरा भए राख्ने छोरी भए फाल्ने प्रथा दिनप्रतिदिन वृद्धि हुँदै गइरहेको छ । विद्यालय आउने अधिकांश विद्यार्थीहरू प्रौढ भएको कारणले उनीहरूमा सिकाइ वातावरणमा प्रत्यक्ष प्रभाव पर्न गएको पाइन्छ ।

घरपरिवारको सहयोग, छोराछोरीको करकापले गर्दा विद्यार्थीहरू विद्यालय पढ्न आउने गरेका छन् । विद्यालयको साधन स्रोतको अभावले गर्दा उनीहरूले अतिरिक्त क्रियाकलाप, प्रयोगात्मक सिकाइ गर्न पाइरहेका छैनन् । विद्यालय आउनाले विद्यार्थीको चेतनाको  विकास हुनुका साथसाथै उनीहरूमा शारीरिक मानसिक पक्षहरूको विकास भएमा पाइन्छ । नेपाली महिलाहरू शिक्षा क्षेत्रमा मात्र नभएर आर्थिक, राजनीतिक सामाजिक क्षेत्रका पछाडि परिरहेका छन् ।

छोरीलाई पढाउनु हुँदैन भन्ने कमजोर मानसिकताको वृद्धि सँगसँगै उनीहरू शिक्षाका क्षेत्रमा पछाडि पर्न गएको पाइन्छ । पुरुष प्रधान देश भएकै कारण उनीहरूले आफ्नो हक अधिकार प्राप्त गर्न सकिरहेका छैनन् । महिलाहरू दैनिक जीवनमा आइपर्ने साना साना घटना परिघटनाहरूलाई सुल्झाउनका लागि पुरुषहरूका सामु हात फैल्याउन बाध्य छन् । निजी विद्यालयको तुलनामा सरकारी विद्यालयको विद्यार्थी अनुपात बढी छ शैक्षिक स्तर भने ज्यादै न्यून छ । महिलालाई अझै पनि पढाउनु पर्छ भन्ने मान्यताको विकास हुन सकिरहेको छैन । उनीहरू शिक्षा क्षेत्रमा मात्र नभएर राजनीतिक, आर्थिक, सामाजिक क्षेत्रमा पनि उनीहरूको उपस्थिति ज्यादै न्यून छ ।

पुरुषको भन्दा महिलाको बाहुल्यता बढी भएको देशमा पुरुषहरूको तुलनामा महिलाको शैक्षिक अवस्था ज्यादै न्यून छ । महिलाको सङ्ख्या बढी भए तापनि विकासको मूल प्रवाहमा प्रवाहित हुन नसकेकै कारण मुलुकले अपेक्षा गरेको विकास र परिवर्तन हुन सकिरहेको छैन । महिलालाई शिक्षामा अवसर दियौ भने पुरुष सरह वा पुरुषको भन्दा बढी काम गर्न सक्छन् । उनीहरूलाई समाजको हरेक क्रियाकलापमा सहभागी गराउनु पर्छ त्यसका लागि शिक्षाको आवश्यकता पर्दछ । महिलाले बिचमै पढाइ छाडेका पढ्न नपाएका महिलाहरूलाई शिक्षित बनाउन विद्यालय प्रयत्नशील छ ।

अनेकौ समस्याहरूको सामना गर्दै समाजमा अपहेलित, तिरस्कृत महिलाहरूको जीवनस्तर पारिवारिक सम्बन्ध सामाजिकीकरणको प्रभावमा महिलाहरूको भूमिका अत्यावश्यक छ भन्ने मान्यता राख्नु जरुरी छ । समाजका विभिन्न विभेद हटाउनका लागि शिक्षाको भूमिका महत्वपूर्ण छ । शिक्षाबाट चेतनाको वृद्धि भएपछि यसले विभेदलार्य न्यूनीकरण गर्न सकिने देखिन्छ ।

यस अध्ययनले के देखाउँछ भने विद्यालय सञ्चालनमा आर्थिक पक्ष साह्रै नै कमजोर रहेको छ । त्यसका लागि सरकारले सहयोग गर्नका लागि खासै चासो देखाएको पाइँदैन । उनीहरू विभिन्न बुद्धिजीवी, राजनीतिकर्मी, सामाजिक संघसंस्थाहरूलाई सहयोगको लागि पहल गरे तापनि खाली आस्वासन मात्र दिने गरेको देखिन्छ । विद्यालयको आर्थिक स्रोत जुटाउनका लागि देउसी भैलो खेल्ने, सेयर धनीहरूले रकम उठाउने, विद्यार्थीबाट लिइने भर्ना शुल्क र न्यूनतम मासिक शुल्कले विद्यालयको खर्च चलाउने गरेको देखिन्छ ।

विद्यार्थीहरूको सहभागिता बर्षेनी बढ्दै गइरहेको छ । उनीहरू शिक्षा लिनका लागि विभिन्न खाले सामाजिक, पारिवाारिक समस्याहरूको सामना गर्नु परेको छ । पढ्नका लागि सहज वातावरण प्राप्त गर्न सकिरहेका छैनन् । तापनि घर परिवारले सहयोग गरेको खण्डमा सकेसम्म पढ्ने बताउँछन् । विद्यालयमा पारिवारिक वातावरणमा पढाइ हुनाले सिक्नका लागि सहज वातावरण रहेको बताउँछन् । उमेर बढी भएको कारणले बुझ्ने क्षमता कमी हुनाले सोचे जस्तो सफलता प्राप्त गर्न सकिरहेका छैनन् । शिक्षाकै कारणले गर्दा महिलाहरू राजनीतिक, सामाजिक, आर्थिक क्षेत्रमा सहभागिता नगन्य मात्रामा छ । विद्यालय आउन थालेपछि उनीहरूमा आत्म विश्वास बढ्दै गइरहेको पाइन्छ जसले गर्दा उनीहरूलाई दैनिक व्यवहार गर्न, सामाजिक क्षेत्रमा आफ्नो सहभागिता बढाउन उनीहरू सफल हुन पुगेको देखिन्छ ।

शिक्षाबाट चेतनाको वृद्धि भएपछि महिला प्रति गरीने विभेदलाई न्यूनीकरण गर्ने । सहयोग पुग्ने देखिन्छ ।

## ६.४ सुझावहरू

विद्यालयमा अध्ययन गर्ने विद्यार्थीहरूले अनेक खालका सामाजिक, पारिवारिक झैझमेला भोग्नुपरेको छ । शिक्षा लिनका लागि उनीहरू कसैलाई भन्न अप्ठ्यारो मानिरहेका

छन् फलस्वरूप उनीहरू लुकीछिपी विद्यालय आउनु परेको छ । महिलालाई प्रोत्साहन गर्नुको सट्टा उनीहरूलाई नै निरुत्साहित गर्ने खालका क्रियाकलाप गरिँदै आइरहेको छ । यस अध्ययन पश्चात् महिलाहरूको पक्षमा निम्न सुझावहरू प्रस्तुत गरिएको छ ।

- अभिभावकहरूले महिलाहरूको छिटो विवाह गरीदिने प्रचलनलाई निरुत्साहित गर्नु जरुरी छ ।
- यदि छिटो विवाह गरे तापनि उनीहरूको शैक्षिक क्षेत्रलाई निरन्तरता दिनका लागि सबै क्षेत्रको सहयोग हुनु जरुरी छ ।
- विद्यालयको आर्थिक पक्ष कमजोर हुँदा विद्यार्थीहरूलाई विभिन्न साधन स्रोतको पर्याप्त सुविधा दिन सरकारले विशेष जोड दिनुपर्दछ ।
- शिक्षा क्षेत्रमा हुने गरेको विभेदलाई हटाउनका लागि यस्ता विद्यालयलाई देशव्यापी रूपमा फैलाउन पहल गर्नुपर्छ ।
- विद्यार्थीको शैक्षिक स्तर वृद्धि गर्नका लागि अभिभावक, वृद्धिजीवी, राजनीतिकर्मी, सञ्चारकर्मीले विद्यालयको प्रचार-प्रसार गर्नु जरुरी छ ।
- विद्यालय जान नपाएका, पढेर बिचैमा छाडेका विद्यार्थीहरूलाई पढ्नका लागि सहज वातावरण प्रदान गर्नु जरुरी छ ।
- विद्यालय जानका लागि यातायातका साधनहरूमा पाउने सहुलियत प्रदान गर्ने व्यवस्था मिलाउनुपर्छ ।
- सम्बन्धित सरोकारवाला निकायहरूले पनि यस्ता विद्यालयलाई सहयोग उपलब्ध गराउनु पर्दछ ।
- महिलाहरूको शैक्षिक स्तर वृद्धि गर्नका लागि परिवार समाजले कुनै किसिमको वाधा अवरोध खडा नगरी स्वतन्त्रता प्रदान गर्नुपर्दछ ।

# सन्दर्भ सूची


आचार्य, बलराम (२०६७), *लैङ्गिक र महिलावादी अध्ययन,* काठमाडौ : नेशनल बुक्स सेन्टर ।

ओझा, नेत्रकुमार र देवकोटा पदमलाल (२०६६), मानवशास्त्रमा सैद्धान्तिक दृष्टिकोणहरू काठमाडौं : एकेडेमिक बुक सेन्टर ।

गौतम, टीकाराम (२०६६), *सामाजिक अनुसन्धान पद्धति,* काठमाडौ : विद्यार्थी पुस्तक भण्डार ।

चौलागाई, तिलकप्रसाद नानीराम सापकोटा केशवलाल (२०६०), *लैङ्गिक अध्ययन,* काठमाडौ : न्यू हिरा बुक्स इन्टरप्राइजेज ।

देवकोटा, केशवलाल (२०६८), *सामाजिक स्तरीकरण र विविधीकरण,* काठमाडौं : एकेडेमिक बुक सेन्टर ।

ढकाल, माधवप्रसाद र कोइराला, मातृकाप्रसाद (२०६३), *शिक्षाका आधारहरू,* काठमाडौ : रत्न पुस्तक भण्डार ।

ढुङ्गाना, जीवनकुमार (२०५८), *नेपालमा आधारभूत तथा प्राथमिक शिक्षाको विकास,* काठमाडौ : रत्न पुस्तक भण्डार ।

पराजुली, तीर्थराज र अधिकारी, बालकृष्ण (२०६३), *नेपालमा प्राथमिक शिक्षा,* काठमाडौ : सनलाइट पब्लिकेशन ।

भासिन, कमल (२०००), अन्डरस्ट्यान्डिङ जेन्डर वलि फर विमिन न्यू दिल्ली ।

राई, उषाकला, (२०६९), *महिला सशक्तीकरणको सुरुवात,* काठमाडौ : कान्तिपुर पत्रिका ।

राष्ट्रिय जनगणना (२०६८), काठमाडौ : केन्द्रित तथ्याङ्क विभाग ,

रिटजर, जर्ज (१९९०), मोर्डन सोसोलोजिकल थ्यउरी : एम. सि. ग्रे. हिल कम्पनी न्यू दिल्ली

वाग्ले, मनप्रसाद र कार्की, उपेन्द्रमान (२०५७), *शिक्षाका आधारहरू,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, गोपीनाथ (२०३), *नेपालमा शिक्षाको इतिहास भाग-२,* काठमाडौ : मकालु बुक्स एण्ड स्टेशनर्स ।

शैक्षिक सूचना (२०६७/०६८) जिल्ला शिक्षा कार्यालय रूपन्देही

शिक्षक मासिक (२०७०), २५ वर्षमा पढ्न सिके, आत्मनिर्भर बने, काठमाडौं : जगदम्बा प्रेस्

सिंह, नागेश्वर (२०६५), *शिक्षाको दर्शनशास्त्रीय र समाजशास्त्रीय आधार,* काठमाडौ : पैरवी प्रकाशन ।

सुवेदी, गोपालकृष्ण (२०६७), *मगर समुदायमा छात्राको शैक्षिक अवस्था,* पोखरा : अप्रकाशित शोधपत्र, त्रि.वि. ।

## परिशिष्ट- एक

## विद्यार्थीका लागि प्रश्नावली

विद्यालयको नाम ........................................................मितिः .........................

विद्यार्थीको नाम..................................................  कक्षा.......................

उमेर ......................रोल नं.....................  लिङ्ग ......................

१) तपाईले विद्यालय जान कसबाट प्रेरणा पाउनु भयो ?

(क) घरपरिवार ☐ (ख) साथीभाइ ☐ (ग) आफैँ ☐

२) पहिला कति कक्षासम्म पढ्नुभएको थियो ?

(क) साधारण लेखपढ ☐ (ख) प्राथमिक शिक्षा ☐

(ग) निरक्षर ☐ (घ) नि.मा.वि. तह ☐

३) पहिला पढ्न किन छाड्नु भयो ?

(क) घरबाट नपठाएर ☐ (ख) सानै उमेरमा विवाह गरेर ☐

(ग) पढ्न मन नलाएर ☐ (घ) विद्यालयको अभाव भएर ☐

४) फेरि पढ्न आउनुभएछ यसको कारण के होला ?

(क) सबैले पढेको देखेर ☐ (ख) छोराछोरीले कर लगाएर ☐

(ग) साथीभाइले पढेको देखेर ☐ (घ) आफैँ पढ्न मन लागेर ☐

५) शिक्षक/शिक्षिकाले कस्तो व्यवहार गर्नुहुन्छ ?

(क) मत्रवत् व्यवहार ☐ (ख) विद्यार्थीलाई जस्तै ☐

६) पढेर के गर्ने विचारमा हुनुहुन्छ ?

(क) शिक्षक ☐ (ख) दैनिक व्यवहार गर्न ☐

(ग) अन्य ☐

७) यति धेरै उमेरमा पढ्न आउँदा कस्ता खालका अप्ठ्यारा परेका छन् ?

.........................................................................................................

८) पढ्न आउँदा कसैले जिस्काउँछन् होला ? जिस्काउँदा के भन्नुहुन्छ नि ?

.........................................................................................................

९) शिक्षक/शिक्षिकाको सिकाइले पढाइमा कत्तिको सहयोग पाउनुभएको छ ?

.......................................................          ................................

१०) कक्षामा प्रश्न गर्दा अप्ठ्यारो लाग्छ

...................................................................................................

११) तपाईको उमेर धेरै भएछ यसले तपाईलाई सिक्नका लागि के-के अप्ठ्यारो पर्छ नि ?

....................................................................................................

१२) विद्यालय आउँदा ड्रेस लगाउदा लाज लाग्छ कि लाग्दैन ? कि ड्रेस लगाउनु हुँदैन ?

(क) लाग्छ ☐ (ख) लाग्दैन ☐

(ग) ड्रेस लगाउनुपर्छ ☐ (घ) लगाउनु पर्दैन ☐

१३) विद्यालय आउँदा गाह्रो लाग्छ कि लाग्दैन ?

(क) लाग्छ ☐ (ख) लाग्दैन ☐

१४) घर परिवारले विद्यालय जान सहयोग गर्नुहुन्छ ?

(क) गर्नुहुन्छ ☐ (ख) गर्नुहुँदैन ☐

१५) घरमा कतिखेर पढ्नुहुन्छ ?

(क) विहान ☐ (ख) स्कुलबाट फर्केपछि ☐

(ग) बेलुका ☐

१६) गृहकार्य गर्नका लागि कसको सहयोग लिनुहुन्छ ?

(क) छोराछोरी ☐ (ख) श्रीमान् ☐

(ग) शिक्षक ☐ (घ) अन्य ☐

१७) घरमा काम गर्न रमाइलो लाग्छ कि विद्यालय आउँन ?

(क) घरको काम गर्न ☐ (ख) विद्यालय जान ☐

१८) तपाईलाई पढ्न आउँदा सबैभन्दा अप्ठ्यारो लाग्ने पक्ष के हो ?

..............................................................................................

१९) गृहकार्य नगर्दा सजाय दिनुहुन्छ कि हुँदैन ?

(क) दिनुहुन्छ ☐ (ख) दिनुहुँदैन ☐

२०) पहिला पढ्नका लागि समय पाउनुभएन अब त पढ्न झन् गाह्रो लागिरहेको छ होला के-के विषय गाह्रो लाग्छ नि ?

................................................................................................

२१) कति कक्षा सम्म पढ्ने विचारमा हुनुहुन्छ ?

(क) परिवारले पढाएसम्म [ ] (ख) समय मिल्दा सम्म [ ]

(ग) एस.एल.सी. सम्म [ ] (घ) त्यसभन्दा माथि [ ]

२२) घरमा पाहुना आउँदा विद्यालय आउने गर्नुहुन्छ कि हुँदैन ? आउँदा उनीहरूलाई के भन्ने गर्नुहुन्छ ?

.....................................................................................................

२२) पढ्न आउँदा त जिस्काए होलान् जिस्काउँदा के भन्ने गर्नुहुन्छ ?

.....................................................................................................

२३) तपाईको उमेरको मान्छेलाई पढ्न मन लाग्यो भने उनीहरूलाई कस्तो सल्लाह दिनुहुन्छ ?

.....................................................................................................

२५) अन्त्यमा केही भन्न चाहानु हुन्छ कि ?

.....................................................................................................

सहयोगको लागि धन्यवाद !

## परिशिष्ट - दुई

## विद्यालय व्यवस्थापन समितिका लागि प्रश्नावली

(१) विद्यालय कसरी सुरुवात गर्नुभयो ?

(२) महिलाका लागि मात्र विद्यालय खोल्नुको उद्देश्य के हो ?

(३) यस बारेमा अग्रसरता कसरी लिनुभयो ?

(४) विद्यालयको आर्थिक स्रोत कहाँबाट जुटाउन हुन्छ ?

(५) विद्यालय सञ्चालनमा समुदायको सहयोग कतिको पाउनुभएको छ ?

(६) कुनै व्यक्ति विशेषको सहयोग पाउनुभएको छ कि ?

(७) NGO/ INGO को पनि सहयोग छ होला नि ?

(८) विद्यालयको योजनाका बारेमा केही बताउनुहुन्छ कि ?

(९) विद्यालय विस्तार गर्नका लागि कस्ता खालका योजना ल्याउँदै हुनुहुन्छ ?

(१०) विद्यार्थीको सहभागिता कस्तो छ ?

(११) विद्यालय सञ्चालनमा के-के चुनौती आइपरेका छन् ?

(१२) सरकारको सहयोग प्राप्त गर्नुभएको छ ?

(१३) सहयोग गर्नका लागि कस-कसलाई अपिल गर्नुहुन्छ ?

(१४) नगरपालिका/जिल्ला शिक्षा कार्यालयको सहयोग पाउनुभएको छ ?

सहयोगको लागि धन्यवाद !

परिशिष्ट- तिन

अध्ययनका क्रममा सङ्कलन गरिएका तस्वीरहरू



तस्विर-१. विद्यालयका सम्पूर्ण विद्यार्थीहरू



तस्विर : २. कक्षा २ का विद्यार्थीहरू



तस्बिर : ३. कक्षा ३ का विद्यार्थीहरू



तस्बिर : ४. कक्षा ४ का विद्यार्थीहरू



तस्बिर : ५. कक्षा ५ का विद्यार्थीहरू



तस्बिर : ६. कक्षा ६ का विद्यार्थीहरू



तस्विर: ७. कक्षा ८ का विद्यार्थीहरू



तस्बिर : ८. कक्षा ९ का विद्यार्थीहरू



तस्बिरः ९. कक्षा १० का विद्यार्थीहरू




तस्विर : १०. विद्यालय सञ्चालक समिति अध्यक्ष

तस्विर : १०. विद्यालय भवन






तस्विर : १२. निर्माणाधिन भवन



